नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं. : ४२११२८९
इमेलः info@mod.gov.np
वेबसाइटः www.mod.gov.np

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरणः

सूचना सार्वजनिक गर्ने निकायको नामः रक्षा मन्त्रालय, सिंहदरबार काठमाडौं।

सूचना सार्वजनिक गरेको अवधिः २०८३ साउन देखि २०८३ असोज सम्म।

(क) रक्षा मन्त्रालयको स्वरूप र प्रकृतिः

संविधान बमोजिम नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन एवम् राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यन्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व रहेको छ । उल्लेखित दायित्वहरूलाई पूरा गर्न संविधानले प्रदान गरेका अधिकारहरूको परिधिभित्र रही तथा राज्यका निर्देशक सिद्धान्तहरूबाट निर्देशित भई रक्षा मन्त्रालयले आफ्ना कार्यहरू सम्पादन गर्दै आइरहेको छ।

वि.सं. २००७ को राजनैतिक परिवर्तन पश्चात् सेना सम्बन्धी कार्य सम्पादनको लागि छुट्टै प्रशासनिक संयन्त्रको आवश्यकता महसुस गरिएअनुसार २००७ साल फागुनमा रक्षा मन्त्रालयको स्थापना भएको हो। यसको मुख्य जिम्मेवारी राष्ट्रको सम्प्रभुताको संरक्षण तथा बाह्य हस्तक्षेप र हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्नु रहेको छ। रक्षा मन्त्रालय अन्तर्गत नेपाली सेना रहेको छ।

रक्षा मन्त्रालयले मुलुकको राष्ट्रिय सुरक्षा, प्रतिरक्षा नीति तथा रणनीतिको तर्जुमा तथा कार्यान्वयन गर्नुका साथै नेपाली सेनाको प्रशासकीय नेतृत्वदायी संयन्त्रका रूपमा समेत विभिन्न कार्यहरू गर्दै आइरहेको छ।

राष्ट्रको सुरक्षा एवं प्रतिरक्षासम्बन्धी नीति, रणनीति तथा कानूनको तर्जुमा र कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियन्त्रण तथा निर्देशन गर्ने कर्तव्य पूरा गरी नेपाली सेनालाई देश र जनताको हितमा प्रभावकारी तवरले परिचालन गर्ने दायित्व राष्ट्रिय सुरक्षा परिषद् र रक्षा मन्त्रालयको रही आएको छ। यस मन्त्रालयले नेपाली सेनाको कानूनी, प्रशासनिक, आर्थिक तथा व्यवस्थापकीय पक्षबारे नीतिगत निर्णय, अन्तर मन्त्रालय समन्वय र सहजीकरणका अतिरिक्त नेपाल सरकारबाट भएका सेनासम्बन्धी निर्णयहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनको जिम्मेवारी पनि वहन गर्दै आइरहेको छ।

संघीय गणतन्त्रात्मक शासन स्थापना पश्चात सेनाको आधुनिकीकरण र पुनःसंरचना, सेना र नागरिक सम्बन्ध जस्ता विषयहरूले शासकीय प्रणालीभित्र क्रमशः प्राथमिकता पाउँदै आएको छ। परिवर्तित राजनीतिक परिदृश्यसँगै रक्षा मन्त्रालयको नेतृत्वदायी र समन्वयकारी भूमिकालाई थप गतिशील र सुदृढ बनाउँदै लगिएको छ।

वि.सं. १८१९ मा गोरखाका राजा पृथ्वीनारायण शाहबाट ५ वटा कम्पनीहरू खडा गरी आधुनिक नेपाली सेनाको गठन प्रक्रिया शुरु भएको देखिन्छ । विभिन्न ऐतिहासिक कालखण्डहरूमा नेपाली सेनाले नेपाल र नेपालीको अस्तित्व, पहिचान, राष्ट्रिय स्वभिमान र स्वतन्त्रताको रक्षाको लागि नेपाल-अंग्रेज युद्ध, नेपाल-भोट युद्ध, पहिलो र दोश्रो विश्व युद्ध समेत लड्नु परेको ऐतिहासिक तथ्यहरू छन्। हाल नेपालको संघीयस्वरूप अनुसार नेपाली सेनाको संगठनात्मक स्वरूपमा परिवर्तन भई केन्द्रसहित देशको सबै प्रदेश एवम् सबै जिल्लामा तैनाथ रही नेपाली सेनाले राष्ट्रिय हितको संरक्षण र संबर्द्धनमा कार्यरत रहेको छ। हालका दिनहरूमा नेपाली सेना मूलतः बाह्य सुरक्षा, विपद् व्यवस्थापन, विकास निर्माण, प्रकृति संरक्षण, मुलुकको महत्वपूर्ण संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवं संयुक्त राष्ट्रसंघको आह्वान अनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता विभिन्न कार्यमा संलग्न रहँदै आएको छ। राष्ट्रिय पहिचान बोकेको ठूला र रणनीतिक महत्त्वका विकास निर्माण कार्यको सञ्चालन र विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिका प्रशंसनीय रहेको छ।

नेपालको संविधानको भाग २८, धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने व्यवस्था उल्लेख छ। राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने र संविधानको धारा २६६ बमोजिमको राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालन हुने संवैधानिक व्यवस्था

छ। रक्षा मन्त्रालय र नेपाली सेनाको कार्यक्षेत्र मूलतः नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति, २०७५, राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ तथा सैनिक ऐन, २०६३ र सो अन्तर्गत बनेका नियमावली तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार निर्दिष्ट रहेको छ।

(ख) रक्षा मन्त्रालयको काम, कर्तव्य र अधिकारः


- साबिकको काम, कर्तव्य र अधिकारमा कुनै परिवर्तन नभएको।

(ग) रक्षा मन्त्रालयमा रहने कर्मचारीहरूको संख्या र कार्य विवरणः

- मन्त्रालयको हालको स्वीकृत दरबन्दी संख्या ६५ रहेको।

अनुसूची १.१

रक्षा मन्त्रालयको प्रस्तावित संगठन संरचना



(घ) रक्षा मन्त्रालयवाट प्रदान गरिने सेवाः

- राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- राष्ट्रिय तथा रणनीतिक सुरक्षा सम्बन्धी सूचना संकलन, विश्लेषण, सञ्चार प्रणाली एवम् सञ्जाल स्थापना, संचालन र व्यवस्थापन,
- राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
- सीमाक्षेत्रसम्बन्धी सूचना संकलन, विश्लेषण तथा उपयोग,

- नेपाली सेनाको गठन तथा परिचालन सम्बन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन,
- सैनिक व्यारेक तथा कार्यालय व्यवस्थापन,
- सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाशर्त, सैनिक तालिम तथा सुविधा,
- सैनिक प्रतिष्ठान (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
- हातहतियार, खरखजना तथा विस्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सो सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,
- सैनिक भण्डार,
- सैनिक हातहतियार र सामग्रीको खरिद र उत्पादन,
- नेपाली सैनिक विमान सेवा,
- सैनिक गुप्तचर विभाग,
- सैनिक निर्माणशाला,
- बारुदी सुरङ्ग निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- राष्ट्रिय सेवा दलको संगठन, तालिम र प्रशासन,
- विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
- सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकहरूको सुरक्षा,
- अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।

<u>सचिवको कार्यविवरणः</u>

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र अन्तर-निकाय समन्वय सम्बन्धी कार्य,
- नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापनका सम्बन्धमा कानून बमोजिम मन्त्रिपरिषद्ले गर्ने कार्यमा सहयोग र समन्वय,
- सैनिक अधिकृत तथा जवानहरूको अनुशासन र सेवा शर्त सम्बन्धी कार्यहरू,
- सैनिक तालिम सञ्चालन सम्बन्धी कार्यहरू,
- प्रचलित सैनिक ऐन र नियमावलीहरूको परिधिभित्र रही सम्पादन हुनुपर्ने कार्यहरूको समन्वय, सहजीकरण र अनुगमन सम्बन्धी कार्यहरू,
- सैनिक निर्माणशालाको विकास र विस्तार एवं व्यवस्थापन सम्बन्धी कार्यहरू,
- सैनिक तालिम प्रतिष्ठानहरूको विकास र विस्तार गर्ने कार्यहरू,

- नेपाली सेनालाई आवश्यक पर्ने सैनिक हतियार तथा सामग्रीहरू खरिद वा उत्पादन गरी भण्डारणको व्यवस्था गर्ने, सुपरिवक्षण, अनुगमन सम्बन्धी कार्य,
- नेपाली सेनाको सिलखानालाई व्यवस्थित गर्ने कार्य,
- नेपाली सेनाको गुप्तचर विभागलाई आधुनिक ज्ञान र सीप रणकौशलबाट सुसज्जित गर्नको लागि स्वदेश तथा विदेश तालिम उपलव्ध गर्ने/गराउने कार्य,
- नेपाली सेनाद्वारा सञ्चालित अस्पतालहरूको व्यवस्थापनको लागि समन्वय, सहजीकरण नीतिगत व्यवस्था तथा अनुगमन सम्बन्धी कार्य,
- सैनिक व्यारेक र कार्यालयहरू व्यवस्थापनमा समन्वय, सहजीकरण र अनुगमन सम्बन्धी कार्य,
- नेपाली सेनामा नियुक्ति, पदस्थापना, सरुवा, पदोन्नति, पदावधि थप र राजीनामा स्वीकृति सम्बन्धी कार्य,
- नेपाली सेना र अन्तर्गतका निकायहरूको संगठन तथा दरबन्दी संरचना सम्बन्धी कार्य,
- भर्ना छनौटमा कर्मचारी खटनपटन सम्बन्धी कार्य,
- देशको विभिन्न भागहरूमा सञ्चालन गरिएका सडक यातायात लगायतका अन्य निर्माण कार्यहरूमा नेपाली सेनाबाट सहयोग गर्ने/गराउने कार्य,
- देशमा भूकम्प, वाढीपहिरो, महामारी लगायत अन्य विपद् आई परेमा नेपाली सेनाद्वारा नेपाली जनताहरूलाई धनजनको क्षति हुनबाट बचाउन उद्धार कार्य गर्न गराउन समन्वय, सहजीकरण सम्बन्धी कार्य,
- नेपाली सेनाबाट सञ्चालन गरिने राष्ट्रिय सेवा दलको संगठन, तालिम र प्रशासन सम्बन्धी कार्य,
- भूतपूर्व सैनिकहरूको कल्याणसम्बन्धी कार्य,
- राष्ट्रिय निकुञ्ज एवं वन्यजन्तु आरक्षको सुरक्षा सम्बन्धी कार्य,
- नेपाली सेनाको विमान सेवा सञ्चालनको व्यवस्थापन (चार्टर) र मर्मत सम्भार समन्वय, सहजीकरण लगायतका कार्य,
- सैनिक कल्याणकारी योजना/कार्यक्रम स्वीकृत, कार्यान्वयन गर्ने/गराउने र यस सम्बन्धी नियममा समय सापेक्ष संशोधन सम्बन्धी कार्य,
- राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको संयोजक/सचिवको कार्य,
- संयुक्त राष्ट्र संघको अनुरोधमा विश्वका द्वन्द्वग्रस्त राष्ट्रहरूमा शान्ति बहाल गराउन नेपाली सेनालाई शान्ति सेनामा पठाउने विषयको नीतिगत व्यवस्था, समन्वय र सहजीकरण सम्बन्धी कार्य,

- मन्त्रालय र अन्तर्गत निकायहरूको भौतिक सम्पत्तिको सुरक्षा तथा हानि नोक्सानी हुनबाट बचाउन निर्देशन, नियन्त्रण तथा सुपरिवेक्षण सम्बन्धी कार्य,
- स्वदेश तथा विदेशबाट प्राप्त छात्रवृत्तिमा उच्च अध्ययन/तालिम/सेमिनार/गोष्ठी आदिमा संगठनलाई विशिष्ट योगदान गर्ने नेपाली सेना/निजामती कर्मचारीहरूको छनौट/मनोनयन सम्बन्धी कार्य,
- निजामती कर्मचारीहरूको व्यक्तिगत अभिलेख राख्ने/राख्न लगाउने तथा अद्यावधिक गर्ने/गराउने सम्बन्धी कार्य,
- निजामती कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवा सम्बन्धी कार्य र मन्त्रालयमा आवश्यकतानुसार करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्य,
- निजामती सेवा पुरस्कारको लागि निजामती कर्मचारीहरूको छनौट/मनोनयन सम्बन्धी कार्य,
- मन्त्रालय अन्तर्गतका कर्मचारीहरू र नेपाली सेनाका सकलदर्जाहरूलाई पदक/विभूषणको लागि मनोनयन गरी गृह मन्त्रालयको विभूषण समितिमा सिफारिस गर्ने कार्य,
- विभिन्न महाशाखाहरूका सह-सचिवहरूबाट माथि उल्लेखित विषयहरूमा पेश भएका टिप्पणीमा आफ्नो राय सहित स्वीकृति दिने र मन्त्रिपरिषद्बाट नीतिगत निर्णय गर्नुपर्ने विषयमा आफ्नो राय सहित विभागीय मन्त्री समक्ष पेश गर्ने कार्य,
- नेपाल सरकार (मन्त्रीपरिषद्) र विभागीय मन्त्रीको स्वीकृति लिई नेपाल सरकारको तर्फबाट रक्षा मन्त्रालयको प्रतिनिधित्व गरी विभिन्न अन्तर्राष्ट्रिय संघ/संस्था र मित्रराष्ट्रहरूमा द्विपक्षीय र बहुपक्षीय वार्ता/बैठक र सेमिनार गोष्ठीमा नेपाल सरकार, रक्षा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने
- देशको विभिन्न भागहरूमा सञ्चालन गरिएका सडक यातायात लगायतका अन्य निर्माण कार्यहरूमा नेपाली सेनाबाट सहयोग गर्ने/गराउने कार्य,
- नेपाल सरकार, मन्त्रिपरिषद् र विभागीय मन्त्रीबाट भएको निर्णय/आदेश निर्देशनलाई आफू अधीनस्थ कर्मचारीहरूको सहयोग लिई कार्यान्वयन गर्ने/गराउने कार्य,
- आफू अधीनस्थ कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य,
- आफू अधीनस्थ कर्मचारीहरूको रेखदेख, नियन्त्रण गर्ने/गराउने सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायको स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउनेसम्बन्धी कार्य
- आफू अधीनस्थ कर्मचारीहरूको बिदा स्वीकृत गर्ने कार्य,
- प्रचलित ऐन/नियमले सचिवको पदबाट गर्नुपर्ने भनी तोकिएको कार्य,

- माथि उल्लिखित विषयहरूबाहेक अन्य विषयहरूमा विभागीय मन्त्रीको निर्देशन बमोजिम गर्ने/गराउने कार्य।

महाशाखाहरूको कार्य विवरण

१. प्रशासन तथा शासकीय सुधार महाशाखा

- निजामती कर्मचारीहरूको हाजिर रेकर्ड व्यवस्थापन, आचरण पालना, व्यक्तिगत अभिलेख राख्ने तथा अद्यावधिक गर्ने/गराउने कार्य,
- निजामती कर्मचारीको नियुक्ति, पदस्थापन र सरुवा, कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य र मन्त्रालयमा आवश्यकतानुसार करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्य,
- कर्मचारी खटनपटन/पदस्थापन/सरुवा/रमाना/अवकाश सम्बन्धी कार्य
- स्वदेश तथा विदेशबाट प्राप्त उच्च अध्ययन/तालिम/सेमिनार/गोष्ठी आदि छात्रवृत्तिमा निजामती र नेपाली सेनाका कर्मचारीहरूको छनौट/मनोनयन सम्बन्धी कार्य,
- नेपाली सेनामा नियुक्ति, पदस्थापना, सरुवा, पदोन्नति, पदावधि थप, राजीनामा स्वीकृति सम्बन्धी कार्य,
- नेपाली सेना र अन्तर्गतका निकायहरूको संगठन तथा दरबन्दी संरचना सम्बन्धी कार्य,
- भर्ना छनौटमा कर्मचारी खटनपटन सम्बन्धी कार्य,
- निजामती सेवा पुरस्कार, उत्कृष्ट कर्मचारी पुरस्कारको लागि निजामती कर्मचारीहरूको छनौट/मनोनयन गर्न आफ्नो रायसहित सचिव समक्ष पेश गर्ने कार्य,
- प्रशासकीय सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू गर्ने/गराउने,
- नेपाल सरकारबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने कार्य,
- मन्त्रालय अन्तर्गतका कर्मचारीहरू र नेपाली सेनाका सकलदर्जाहरूलाई पदक/विभूषणका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- सैनिक प्रतिष्ठान तथा तालिम सञ्चालन सम्बन्धी कार्यमा सहयोग र समन्वय,
- राष्ट्रिय सेवा दलको संगठन, प्रशासन र तालिम सम्बन्धी कार्यमा सहयोग र समन्वय,
- जङ्गी अड्डाबाट प्राप्त हुने मानव संसाधन व्यवस्थापन विषयका अति गोप्य जाहेरी रिपोर्ट तथा प्रतिवेदनहरू र सोको आधारमा सम्बन्धित निकायहरूसँग समन्वय गर्ने कार्य,
- राष्ट्रिय सेवा दल र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको फोकल महाशाखाका रूपमा कार्य गर्ने,
- कर्मचारीहरूको दक्षता अभिवृद्धिसम्बन्धी कार्य,
- शासकीय सुधार तथा सचिव बैठकको निर्णय कार्यान्वयन र प्रतिवेदन सम्बन्धी कार्य,

- व्यवस्थापन परीक्षण सम्बन्धी कार्य,
- रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्सँग सम्बन्धित ऐन कानूनहरूको तर्जुमा, संशोधन तथा सुधारको लागि मस्यौदा तयार गर्ने तथा कानूनी परामर्श सम्बन्धी कार्य,
- राष्ट्रिय सुरक्षा नीति तर्जुमा सम्बन्धमा कानूनी पक्षबाट हेर्ने कार्य,
- रक्षा मन्त्रालयलाई विपक्षी बनाइएका रिट निवेदनमा लिखित जवाफ तयार गर्ने कार्य,
- आवश्यकता अनुसार नेपाली सेनाको बढुवा तथा म्याद थप र अन्य विषयमा कानूनी परामर्श प्रदान गर्ने कार्य,
- राजपत्रमा प्रकाशित हुने सूचनाको मस्यौदा तयार गर्ने कार्य,
- सैनिक अदालतका फैसलाहरू सदर गर्ने तथा सैनिक अदालत बोलाउने विषयको निर्देशन सम्बन्धी कार्य,
- मन्त्रालयसम्बद्ध द्विपक्षीय, बहुपक्षीय सन्धि सम्झौता सहमति (MOU, Agreement) को मस्यौदा गर्ने कार्य,
- सैनिक विशेष अदालत र सैनिक अनुसन्धान समितिबीचको समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- मन्त्रालयलाई आवश्यक पर्ने कानून, तथा कानूनी लिखित र सन्धिको अनुवादमा सहयोग गर्ने कार्य,
- सैनिक कल्याणकारी योजनाका विषयमा कानूनी परामर्श दिने कार्य,
- नेपाली सेना प्राड विवाकसँग सम्बन्धित अन्य कार्य,
- अदालतबाट भएका फैसलाहरू कार्यान्वयन गर्न लगाउने, त्यसको प्रतिवेदन गर्ने र सोको अनुगमन गर्ने कार्य,
- गुनासो व्यवस्थापनसम्बन्धी कार्य,
- नेपाली सेना सम्बन्धमा परेका उजुरी, सिकायत सम्बन्धी कार्यहरूमा आफ्नो राय सुझाव सहित सचिव समक्ष पेश गर्ने कार्य,
- मन्त्रालय र अन्तर्गत निकायहरूबाट कानूनी राय माग भएका विषयमा राय उपलव्ध गराउने कार्य,
- नेपाल पक्ष भएका मानव अधिकारका विषय गाँसिएको महासन्धि सम्बन्धी कार्य,
- मानवीय कानून लगायतका सबै जेनेभा महासन्धिसँग सम्बन्धित कार्य,
- मानव अधिकार आयोगका निर्णय कार्यान्वयन सम्बन्धी कार्य,

- संयुक्त राष्ट्र संघ र सो अन्तर्गतका निकाय तथा अन्य निकायमा पठाउनु पर्ने आवधिक प्रतिवेदनको तयारी सम्बन्धी कार्य,
- संयुक्त राष्ट्रसंघमा शान्ति सेनामा सहभागी हुने सैनिक व्यक्तिको मानव अधिकार र मानवीय कानून विषयको मुल्याङ्कन सम्बन्धी कार्य,
- नेपाली सेनामा मानव अधिकार र मानवीय कानून प्रवर्धनका लागि तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन तथा अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकारसम्बन्धी अभिलेख राख्ने कार्य,
- नेपाली सेना, मानव अधिकार निर्देशनालय सम्बन्धी कार्य,
- नेपाली सेनाले गरेका मानवअधिकार प्रवर्धन एवं संरक्षण सम्बन्धी कामको अनुगमन निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कार्य,
- राष्ट्रिय मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय मानव अधिकार आयोग/सचिवालय (UNOHCHR and UNHCR) सँग समन्वय, प्रतिवेदन तथा ती संस्थाबाट औँल्याइएका मानव अधिकार उल्लङ्घन विषयको अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार तथा मानवीय कानूनहरूको अध्ययन, अनुमोदन तथा परिमार्जन सम्बन्धी कार्य,
- नेपाल पक्ष भएका विषयसँग सम्बन्धित मानव अधिकार अभिसन्धिहरूको कार्यान्वयनको अनुगमन तथा संयोजन सम्बन्धी कार्य,
- नेपाली सेना सम्बन्धमा परेका मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी, सिकायत सम्बन्धी कार्य,
- विभिन्न निकायबाट माग भई आएअनुसार प्रतिनिधि खटाउने कार्य।

२. नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

- राष्ट्रिय सुरक्षा नीति (National Security Policy) तथा प्रतिरक्षा नीति (Defence Policy) तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गत निकायको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र स्वीकृति, आन्तरिक बजेट सिलिङ निर्धारण, MTEF तर्जुमा सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गतका योजना तर्जुमा/कार्यान्वयन/अनुगमन/मूल्याङ्कन तथा परियोजना बैङ्कसम्बन्धी कार्य,
- त्रैमासिक तथा वार्षिक समीक्षा बैठक आयोजना तथा त्यसमा प्रस्तुत गर्नुपर्ने विषयको तयारी

सम्बन्धी कार्य,

- नीति तथा कार्यक्रमहरू, बजेटमा समावेश गर्नुपर्ने विषयहरू तथा आर्थिक सर्वेक्षणमा सनावेश गर्नुपर्ने विषयहरू, नेपालको संविधानको धारा ५३ बमोजिमको प्रगति विवरण तयार गर्ने कार्य,
- मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालित कार्यक्रम, नीति तथा बजेट वक्तव्यको मासिक, द्वैमासिक, त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तथा वार्षिक कार्ययोजना/माइलस्टोनको प्रगति तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने सम्बन्धी कार्य,
- मन्त्रालयस्तर तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्नुपर्ने विषय सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालन हुने विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति/संशोधन सम्बन्धी कार्य,
- मन्त्रालय अन्तर्गत सञ्चालित विकास निर्माण आयोजना सम्बद्ध समिति/कार्यदलको बैठकमा प्रतिनिधित्व तथा विकास आयोजनाहरूको फोकल महाशाखा (Focal Unit) का रूपमा कार्य गर्ने,
- कल्याणकारी कोषको अनुगमन, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सोल्जर वोर्ड (भारत) तथा ब्रिटिस-गोर्खा वेलफेयर कोअर्डिनेशन कमिटी र पेन्सन क्याम्पहरूको व्यवस्थापनमा सहयोग पुऱ्याउने, स्वदेशी तथा विदेशी पेन्सनियर र भूतपूर्व सैनिक संगठन सम्बन्धी कार्य,
- सैनिक कल्याणकारी योजना, मन्त्रालय र अन्तर्गतका योजना/कार्यक्रमहरू प्रस्ताव एवं स्वीकृति, कार्यान्वयन तथा अनुगमन सम्बन्धी कार्य,
- सैन्य रणनीति तथा कार्य योजना तर्जुमा विश्लेषण तथा अनुसन्धान सम्बन्धी कार्य,
- सैनिक अस्पतालहरूको सञ्चालन/व्यवस्थापन सम्बन्धी नीतिगत कार्य,
- सञ्चालित विकास कार्यक्रम/आयोजनाको अनुगमन सम्बन्धी कार्य,
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय सम्बन्धी कार्य,
- नेपाली सेनाको आधुनिकीकरण, क्षमता सुदृढीकरणका लागि आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- राष्ट्रिय सुरक्षा र प्रतिरक्षाका क्षेत्रमा निर्मित नीति/रणनीति तथा कार्ययोजनाहरूको अभिलेख राख्ने कार्य,
- संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेनामा सहभागी हुने नेपाली सेनाको प्रभावकारिता र

आधुनिकीकरण सम्बन्धी कार्य,

- संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेनामा सहभागी हुने सकल दर्जाका नेपाली सेनाको मनोनयन, राहदानी र भिसा सिफारिश सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय संघ-संस्था, मित्रराष्ट्र लगायतसँग रहेको सम्बन्धको निरन्तरता तथा सुधार गर्दै लैजानुपर्ने क्षेत्रहरूको पहिचान तथा सिफारिश गर्ने सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेना परिचालन भएका क्षेत्रहरूको अनुगमन तथा अभिलेख राख्ने/राख्न लगाउने सम्बन्धी कार्य,
- शान्ति सेनासँग सम्बन्धित जनशक्ति, तालिम तत्सम्बन्धी साधन स्रोतको अनुमान र समयबद्ध योजना तथा अनुगमन सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघमा शान्तिसेना तैनाथी तथा बन्दोबस्ती सामग्रीको योजना र आपूर्ति सम्बन्धी कार्य,
- शान्ति सेना सम्बन्धमा नेपाली सेना UNDPKO तथा अन्य अन्तराष्ट्रिय संघसंस्थासँग समन्वय, प्रतिवेदन तथा अनुगमन गर्ने कार्य,
- अन्य वैदेशिक सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- विदेशी अतिथिहरूलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्न नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने कार्य,
- अन्तर्राष्ट्रिय रक्षा सम्बन्ध सुदृढीकरण सम्बन्धी कार्य,
- नेपाल-भारत सुरक्षा सम्बन्धी द्विपक्षीय परामर्श समूहको बैठक सम्बन्धी कार्य,
- भारत र चीनको द्विपक्षीय सीमा बैठक सम्बन्धी कार्य,
- विभिन्न निकायबाट प्राप्त सूचना एवं जाहेरी विश्लेषण गरी सम्बन्धित निकायमा सम्प्रेषण गर्ने कार्य,
- विपद् व्यवस्थापन सम्बन्धी कार्यमा नेपाली सेनालाई सहभागी गराउने सम्बन्धी रणनीति एवं कार्यनीति तयार गर्ने र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने कार्य,
- विभिन्न निकायहरूबाट प्राप्त सुरक्षा सम्बन्धी प्रतिवेदन अध्ययन गरी राय/प्रतिक्रिया दिने कार्य,
- विपद् वा सङ्कट व्यवस्थापनका लागि सेवा प्रदायक वा विज्ञहरू, सरोकारवालाहरूको रोष्टर तयार गर्ने, उद्धार, राहतका लागि क्षेत्रहरूको पहिचान गरी क्षेत्रगत प्रोफाइल तयार गर्ने कार्य,
- दीर्घकालीन रूपमा विपद् तथा सङ्कट व्यवस्थापनको लागि स्रोतसाधनको व्यवस्थापन सम्बन्धी कार्य

- विपद् व्यवस्थापन कार्यमा नेपाली सेनासँग समन्वय, सहजीकरण र अनुगमन सम्बन्धी कार्य,
- नेपाली सेनाले सञ्चालन गरेको पर्वतारोहण, वाकिटकी, फ्रिक्वेन्सी र सञ्चार सम्बन्धी कार्य,
- मन्त्रालयभित्र कम्प्युटर नेटवर्किङ्गको व्यवस्था र मन्त्रालय बाहिर आवश्यक लिङ्कको व्यवस्था गर्ने कार्य,
- मन्त्रालयको वेभपेजको निर्माण र सञ्चालन, वेवसाइटमा सूचना तथा मन्त्रालयसम्बद्ध उपयोगी सामग्रीहरू अपलोड गर्ने, अद्यावधिक गर्ने तथा नेटवर्किङ्ग सम्बन्धी कार्य,
- कम्प्युटर नेटवर्किङ्ग कार्यमा सुरक्षा वर्गीकरण (Security Classification) को आधारमा विभिन्न नियुक्तिहरूलाई दिन सकिने Shared Drive को छुट्टाछुट्टै व्यवस्था सम्बन्धी कार्य,
- Information Technology (IT) विशेषज्ञ र सल्लाहकारको भूमिका निर्वाह सम्बन्धी कार्य,
- कम्प्युटरको जडान (Installation) मर्मत सम्भार र पासवर्डको व्यवस्थापन सम्बन्धी कार्य,
- GIOMS को सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालयबाट प्रवाह हुने सेवालाई डिजिटलाइज्ड र अनलाइनमा आधारित बनाउने सम्बन्धी कार्य,
- वार्षिक प्रतिवेदन तथा सुरक्षा जर्नल प्रकाशसनसम्बन्धी कार्य,
- कानून अनुसार सूचना माग गर्नेहरूलाई सूचना उपलब्ध गराउने सम्बन्धी कार्य,
- संसदीय Reporting तथा जवाफ तयार सम्बन्धी कार्य,
- मन्त्रालय र नेपाली सेना अन्तर्गतका विभिन्न आयोजनामा काम गर्न आउने विदेशी कामदारको कार्यसहमति, श्रम इजाजत तथा गैर पर्यटक भिसा सिफारिस तथा अनुगमन सम्बन्धी कार्य।

३. सैनिक प्रबन्ध तथा समन्वय महाशाखा

- मन्त्रालय अन्तर्गत निजामती तर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन, पेन्सन, उपदान तथा कर्मचारीहरूको हित, प्रोत्साहन सम्बन्धी कार्य,
- मन्त्रालयको मूल दर्ता चलानीसम्बन्धी कार्य,
- स्टाफ बैठक तथा SMT बैठक सञ्चालन/व्यवस्थापन सम्बन्धी कार्य,
- जिन्सी नगद, मालसामान उपलब्धि, सञ्चय र वितरणसम्बन्धी कार्य,
- पुस्तकालय, Help Desk सञ्चालन/व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय भवनको मर्मत सम्भार, सुरक्षा, सरसफाइको व्यवस्थापनसम्बन्धी कार्य,
- जिन्सी निरीक्षण एवं पुराना सामानहरू लिलाम गर्ने कार्य,

- मन्त्रालयबाट आयोजना गरिने सभा, सम्मेलन, समारोह, बैठक आदिको व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालयका कर्मचारीहरूका लागि सवारी साधन तथा चालक व्यवस्थापन सम्बन्धी कार्य,
- सैनिक कर्मचारीहरूको औषधोपचार र निवृत्तभरण सम्बन्धी नीतिगत कार्य,
- अति विशिष्ट व्यक्तिहरूको सुरक्षा र त्यसको समन्वय सम्बन्धी कार्य,
- अति विशिष्ट व्यक्तिहरूको सैनिक जहाज उपयोग व्यवस्थापन सम्बन्धी कार्य,
- सुत्केरी, घाइते, दुर्घटनामा परेका तथा विपद् प्रभावितहरूको हवाई उद्धारका लागि नेपाली सेनासँग समन्वयन गर्ने कार्य,
- नेपाली सैनिक विमान सेवा (चार्टर सेवा समेत) सम्बन्धी समन्वय र व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय तथा नेपाली सेनाको सम्पति (चल अचल) को विवरण तयार गरी अद्यावधिक र अभिलेखबद्ध गर्ने, डिजिटलाइज्ड गर्ने/गराउने कार्य,
- नेपाली सेनाको लागि आवश्यक जग्गा अधिग्रहण, भोगाधिकार तथा जग्गा उपलब्ध गराउने तथा EIA स्वीकृति सम्बन्धी कार्यहरू गर्ने/गराउने,
- नेपाली सेनाको लागि बन्दोबस्ती तथा रासनको व्यवस्था गर्ने/गराउने सम्बन्धी कार्य,
- चाँदमारी क्षेत्रहरूको लगत/ रेकर्ड व्यवस्थित राख्ने कार्य,
- सिलखाना व्यवस्थापन सम्बन्धी कार्य,
- सैनिक प्रयोजनका नाप नक्सा, हवाई सर्वेक्षण सम्बन्धी कार्य,
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा सम्बन्धी कार्य र नीतिहरू तर्जुमा गर्ने कार्य,
- राष्ट्रिय सुरक्षा खरखजाना एवं विस्फोटक पदार्थहरूको नीतिगत व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाली सेनाले सञ्चालन गरेका उद्योग व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत नेपाली सेनाको लागि विनियोजित बजेटको अख्तियारी, निकासा रोक्का तथा फुकुवा सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत नेपाली सेनाको लागि नियमित बजेट माग, परिचालन, विनियोजित बजेटको अख्तियारी, निकासा रोक्का तथा फुकुवा, समन्वय र रकमान्तर सम्बन्धी कार्य,
- मन्त्रालयको केन्द्रीय तथा कार्य सञ्चालन स्तरको लेखासम्बन्धी कार्य,
- सार्वजनिक लेखा समिति र बेरुजु फछ्यौंट सम्बन्धी कार्य,
- आर्थिक व्यवस्थापन सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य,
- जग्गाका मुआब्जा, राहत तथा क्षतिपूर्ति सम्बन्धमा आर्थिक व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायहरूको आर्थिक प्रशासनको नियन्त्रण, अनुगमन सम्बन्धी कार्य,

- आर्थिक विवरण तयार गर्ने कार्य,
- रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूमा सञ्चालित विभिन्न कोषहरूको परिचालन, वित्तीय व्यवस्थापनका सन्दर्भमा मन्त्रालयको सम्बन्धित शाखासँग समन्वय गरी नियन्त्रण, अनुगमन तथा समन्वय सम्बन्धी कार्य,
- नेपाली सेनाको लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन सैनिक सामग्रीहरू उत्पादन/आपूर्ति नीति (Defence Equipment Production /Supply Policy), योजना तथा कार्यक्रम सम्बन्धी कार्य,
- सैनिक उपकरण व्यवस्थापन नीति (Military Equipment Management Policy) र वार्षिक सामानहरूको आपूर्ति सम्बन्धी नीति नियम र जगेडा परिमाण नीति (Stocking Policy), आपूर्ति व्यवस्थापन (हेभी इक्युपमेण्ट सवारी साधन तथा मेसिनरी औजार सेनाको लागि तत्काल र नियमित आपूर्ति भइरहनु पर्ने बाहेकका नियन्त्रित तथा अनियन्त्रित सामानहरू) सम्बन्धी योजना स्वीकृति र प्राप्ति सम्बन्धी कार्य,
- सैनिक सामग्रीहरूको उत्पादन, व्यवस्थापन, खरिद र आपूर्ति सम्बन्धी कार्यमा सहयोग, समन्वय र सहजीकरण,
- कन्ट्रोल आइटम भन्सार छुट, विदेशी मुद्रा सटही, मूल्य अभिवृद्धि कर छुटको सम्बन्धमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- विकास निर्माण कार्यमा उपयोग हुने विस्फोटक पदार्थ उपलब्ध गराउने कार्यमा आवश्यक समन्वय, सहजीकरण र नियमन सम्बन्धी कार्य,
- विभिन्न निकायहरूबाट माग भएबमोजिम ड्रोन सञ्चालन गर्न राय/सहमति दिने सम्बन्धी कार्य,
- मन्त्रालयबाट सम्पादन गर्नुपर्ने अन्य भैपरि आउने कार्य।

शाखाहरूको कार्यविवरण

१. प्रशासन तथा शासकीय सुधार महाशाखा

क. प्रशासन शाखा

- निजामती कर्मचारीहरूको हाजिर रेकर्ड व्यवस्थापन, व्यक्तिगत अभिलेखहरू राख्ने तथा अद्यावधिक गर्ने सम्बन्धी कार्य,
- कर्मचारीको आचरण पालना तथा कर्मचारीको उजुरी तथा गुनासो सम्बन्धी कार्य,
- निजामती कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, रमाना, अवकाशसम्बन्धी कार्य र मन्त्रालयमा आवश्यकतानुसार सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र सम्पत्ति विवरण

सम्बन्धी कार्य,

- व्यवस्थापन परीक्षण सम्बन्धी कार्य,
- नेपाली सेनाको अधिकृत तहमा नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, पदावधि थप, राजीनामा स्वीकृति एवं भर्ना छनौटमा कर्मचारी खटनपटन सम्बन्धी कार्य,
- मन्त्रालय, नेपाली सेना र अन्तर्गतका निकायहरूको संगठन तथा दरबन्दी संरचना सम्बन्धी कार्य,
- निजामती सेवा पुरस्कारको लागि मन्त्रालय र अन्तर्गत कार्यरत निजामती कर्मचारीहरूको मनोनयन सम्बन्धी कार्य तथा उत्कृष्ट कर्मचारी छनौटसम्बन्धी कार्य,
- विभूषणको लागि मन्त्रालय र अन्तर्गत तथा नेपाली सेनाका सकलदर्जाहरूको मनोनयन/सिफारिस सम्बन्धी कार्य,
- प्रशासकीय सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यहरू गर्ने/गराउने,
- नेपाल सरकारबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू।

ख. शासकीय सुधार तथा जनशक्ति विकास शाखा

- मन्त्रालयका कर्मचारीहरूको लागि क्षमता विकास सम्बन्धी तालिम/प्रशिक्षण सञ्चालनसम्बन्धी कार्य,
- शासकीय सुधार तथा जनशक्ति-योजनासम्बन्धी कार्यहरू,
- मन्त्रालयको कार्यसम्पादनमा सुधार र सेवा प्रक्रियामा सुधार (Business Process Re-engineering) सम्बन्धी कार्यहरू,
- सैनिक प्रतिष्ठानद्वारा सञ्चालन हुने तालिममा आवश्यक समन्वय र सहजीकरण गर्ने सम्बन्धी कार्य,
- राष्ट्रिय सेवा दलद्वारा सञ्चालन हुने तालिममा आवश्यक समन्वय र सहजीकरणसम्बन्धी कार्य,
- नेपाल सरकारलाई स्वदेशी तथा विदेशी संस्थाहरूबाट प्राप्त हुने छात्रवृत्ति/उच्च अध्ययन/तालिम/सेमिनार/गोष्ठी आदिमा निजामती कर्मचारीहरू तथा सैनिक सकलदर्जाको छनौट/मनोनयन/राहदानी तथा प्रवेशाज्ञा (Visa) एवं विदेशी मुद्रा सटही सुविधा सिफारिस सम्बन्धी कार्य,
- वैदेशिक मनोनयनका सम्बन्धमा परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय लगायतका निकायसँग

समन्वय सम्बन्धी कार्यहरू

- नेपाली सेनाको मानव संसाधनको क्षमता विकाससम्बन्धी विषयमा सम्बन्धित निकायहरूसँग समन्वय गर्ने कार्य,
- नेपाली सेना अन्तर्गतका कलेज, शैक्षिक तथा तालिम प्रतिष्ठानमा अध्ययन/तालिम गर्न आउने विदेशी शिक्षार्थीहरूका निम्ति प्रवेशाज्ञासम्बन्धी कार्य,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू।

ग. कानून, फैसला कार्यान्वयन तथा मानव अधिकार शाखा

- रक्षा मन्त्रालय, नेपाली सेना तथा राष्ट्रिय सुरक्षा परिषद्सँग सम्बन्धित ऐन कानूनहरूको तर्जुमा, संशोधन तथा सुधारको लागि मस्यौदा तयार गर्ने तथा कानूनी परामर्श सम्बन्धी कार्य,
- रक्षा मन्त्रालयलाई विपक्षी बनाइएका रिट निवेदनमा लिखित जवाफ तयार गर्ने कार्य,
- आवश्यकता अनुसार नेपाली सेनाको बढुवा, म्याद थप र अन्य विषयमा कानूनी परामर्श प्रदान गर्ने कार्य,
- राजपत्रमा प्रकाशित हुने सूचनाको मस्यौदा तयार गर्ने कार्य,
- सैनिक अदालतका फैसलाहरू सदर गर्ने तथा सैनिक अदालत बोलाउने विषयको निर्देशन सम्बन्धी कार्य,
- द्विपक्षीय, बहुपक्षीय सन्धि सम्झौता सहमति (MOU, Agreement) को मस्यौदा गर्ने कार्य,
- सैनिक विशेष अदालत र सैनिक अनुसन्धान समितिबीच समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- मन्त्रालयलाई आवश्यक पर्ने कानून, तथा कानूनी लिखित र सन्धिको अनुवादमा सहयोग गर्ने कार्य,
- सैनिक कल्याणकारी योजनाका विषयमा कानूनी परामर्श दिने कार्य,
- नेपाली सेना प्राड विवाकसँग सम्बन्धित अन्य कार्य,
- अदालतबाट भएका फैसलाहरू कार्यान्वयन गर्न लगाउने, त्यसको प्रतिवेदन गर्ने र सोको अनुगमन गर्ने कार्य,
- सेवाग्राहीको गुनासो व्यवस्थापन/सम्बोधन सम्बन्धी कार्य,
- नेपाली सेना सम्बन्धमा परेका उजुरी, सिकायत सम्बन्धी कार्यहरूमा आफ्नो राय सुझाव सहित सचिव समक्ष पेश गर्ने कार्य,
- मन्त्रालयका अन्य महाशाखा तथा शाखाहरू एवं जंगी अड्डाबाट कानूनी राय माग भएका

विषयमा राय उपलव्ध गराउने कार्य,

- नेपाल पक्ष भएको मानव अधिकारका विषय गाँसिएको महासन्धि सम्बन्धी कार्य,
- मानवीय कानून लगायतका सबै जेनेभा महासन्धिसँग सम्बन्धित कार्य,
- मानव अधिकार आयोगका निर्णय कार्यान्वयन सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघ लगायतका निकायमा पठाउनु पर्ने आवधिक प्रतिवेदनको तयारी सम्बन्धी कार्य,
- संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेनामा सहभागी हुने सैनिक व्यक्तिको मानव अधिकार र मानवीय कानून विषयको मूल्याङ्कन सम्बन्धी कार्य,
- नेपाली सेनामा मानव अधिकार संरक्षण र मानवीय कानून प्रवर्धनका लागि तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन तथा यस सम्बन्धमा नेपाली सेनाबाट भएका कार्यहरूको अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार सम्बन्धी अभिलेख राख्ने कार्य,
- नेपाली सेना, मानव अधिकार निर्देशनालय सम्बन्धी कार्य,
- मानव अधिकारसँग गाँसिएका महासन्धिहरूको अनुमोदन, हस्ताक्षर तथा कार्यान्वयनको अनुगमन सम्बन्धी कार्य,
- राष्ट्रिय मानव अधिकार आयोग तथा अन्तर्राष्ट्रिय मानव अधिकार आयोग/सचिवालय (UNOHCHR and UNHCR) सँग समन्वय, प्रतिवेदन तथा ती संस्थाबाट औँल्याइएका मानव अधिकार उल्लङ्घन विषयको अनुगमन सम्बन्धी कार्य,
- मानव अधिकार तथा मानवीय कानूनहरूको अध्ययन, अनुमोदन तथा परिमार्जन सम्बन्धी कार्य,
- नेपाल पक्ष भएका विषयसँग सम्बन्धित मानव अधिकार अभिसन्धिहरूको कार्यान्वयनको अनुगमन तथा संयोजन सम्बन्धी कार्य,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू।

२. नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

क. नीति, योजना तथा सैनिक कल्याण शाखा

- राष्ट्रिय सुरक्षा नीति (National Security Policy) तथा प्रतिरक्षा नीति (Defence Policy) तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा संशोधन/परिमार्जन सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गतका निकायको योजना तर्जुमा तथा स्वीकृति सम्बन्धी कार्य,
- मन्त्रालय तथा अन्तर्गत निकायका लागि वार्षिक बजेट प्रस्ताव, सिलिङ निर्धारण, वार्षिक कार्यक्रम तर्जुमा र स्वीकृत गराउने कार्य,

- त्रैमासिक तथा वार्षिक समीक्षा बैठक आयोजना तथा त्यसमा प्रस्तुत गर्नुपर्ने विषयको तयारी सम्बन्धी कार्य,
- नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गर्नुपर्ने रक्षा मन्त्रालय सम्बन्धी विषयहरू र नेपालको संविधानको धारा ५३ बमोजिमको प्रगति विवरण तयार गर्ने कार्य,
- मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालित कार्यक्रम/आयोजनाहरूको मासिक, द्वैमासिक, त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउने सम्बन्धी कार्य, वार्षिक कार्ययोजनाको माइलस्टोनको प्रगति प्रतिवेदन, MTEF, आर्थिक सर्वेक्षण सम्बन्धी विवरण, आयोजना बैङ्क सम्बन्धी कार्य,
- मन्त्रालयस्तर तथा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्नुपर्ने विषय सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालन हुने विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (DPR) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृति/संशोधन सम्बन्धी कार्य,
- सैनिक कल्याणकारी योजना तर्जुमा तथा कल्याणकारी कोषको अनुगमन, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सैनिक कल्याणकारी योजना र मन्त्रालय र अन्तर्गतका योजना/कार्यक्रमहरू प्रस्ताव एवं स्वीकृति, कार्यान्वयन तथा अनुगमन सम्बन्धी कार्य,
- सैन्य रणनीति तथा कार्य योजना तर्जुमा विश्लेषण तथा अनुसन्धान सम्बन्धी कार्य,
- सैनिक अस्पतालहरूको व्यवस्थापन सम्बन्धी नीतिगत कार्य,
- विकास कार्यक्रम/आयोजन कार्यान्वयनमा सहजीकरण र आवश्यकतानुसार अनुगमन सम्बन्धी कार्य,
- सोल्जर वोर्ड (भारत) तथा ब्रिटिश गोर्खा वेलफेयर कोअर्डिनेशन कमिटी र पेन्सन क्याम्पहरूको व्यवस्थापनमा सहयोग पुऱ्याउने, स्वदेशी तथा विदेशी पेन्सनियर र भूतपूर्व सैनिक संगठन सम्बन्धी कार्य,
- नेपाली सेनाको आधुनिकीकरण, क्षमता सुदृढीकरणका लागि अनुसन्धान सम्बन्धी कार्य,
- राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सम्बद्ध विभिन्न विषयमा निर्मित नीति, रणनीति तथा कार्ययोजनाहरूको अभिलेख राख्ने कार्य,
- विदेशी कामदारको कार्यसहमति, श्रम इजाजत तथा गैर पर्यटक भिसा सिफारिस तथा अनुगमन सम्बन्धी कार्य,

- वार्षिक प्रगति प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू।

ख. शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा

- संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेनामा सहभागी हुने नेपाली सेनाको प्रभावकारिता अभिवृद्धि र आधुनिकीकरण सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेनामा सहभागी हुने नेपाली सेनाका सकल दर्जाको मनोनयन स्वीकृति, राहदानी र प्रवेशाज्ञा (Visa) सिफारिश सम्बन्धी कार्य,
- शान्ति सेनासँग सम्बन्धित उच्चस्तरीय Assignment मा स्वीकृति, राहदानी र भिसा सिफारिश सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न मिसनमा नेपाली शान्तिसेना तैनाथीमा सहजीकरण तथा बन्दोबस्ती सामग्रीको योजना र आपूर्ति सम्बन्धी कार्यमा सहजीकरण सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघ, अन्तराष्ट्रिय संघ संस्था, मित्रराष्ट्रका सैनिक संगठन लगायतसँग सम्पर्क र समन्वय तथा बहुपक्षीय र द्विपक्षीय संयन्त्रहरूको बैठक आयोजना सम्बन्धी कार्य,
- संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति सेना परिचालन भएका क्षेत्रहरूको अनुगमन तथा अभिलेख सम्बन्धी कार्य,
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय सम्बन्धी कार्य,
- Defence/Military Diplomacy सम्बन्धी कार्यहरू,
- शान्ति सेनामा सहभागी हुने जनशक्तिलाई तालिम प्रदान गर्ने तालिम केन्द्रहरूसँग समन्वय तथा अनुगमन सम्बन्धी कार्य,
- शान्ति सेना सम्बन्धमा UNDPKO तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र अनुगमन सम्बन्धी कार्य,
- नेपाली सेना र मित्रराष्ट्रका सेनाबीचको विषयमा परराष्ट्र मन्त्रालयसँग समन्वय तथा वैदेशिक सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- मित्रराष्ट्रका विदेशी सैनिक पदाधिकारी/अतिथिहरूलाई नेपाल भ्रमणका लागि निमन्त्रणा गर्न नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने कार्य,
- अन्तर्राष्ट्रिय रक्षा सम्बन्ध समन्वय तथा सुदृढीकरण सम्बन्धी कार्य,
- भारत र चीनसितको द्विपक्षीय सीमा बैठकमा सहभागिता/प्रतिनिधित्व सम्बन्धी कार्य,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू,

ग. सूचना विश्लेषण तथा विपद् समन्वय शाखा

- विभिन्न निकायबाट प्राप्त सुरक्षा/प्रतिरक्षा सम्बन्धी सूचना, प्रतिवेदन एवं दैनिक जाहेरी अध्ययन विश्लेषण गरी माथिल्लो अधिकृतसमक्ष राय/सुझाव सहित पेस गर्ने तथा निर्देशनानुसार विभिन्न निकायमा सम्प्रेषण सम्बन्धी कार्य,
- विपद् व्यवस्थापन तथा प्रतिकार्यमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- विपद् व्यवस्थापनका लागि सेवा प्रदायक वा विज्ञहरू, सरोकारवालाहरूको रोष्टर तयार गर्ने, उद्धार, राहतका लागि क्षेत्रहरूको पहिचान गरी क्षेत्रगत प्रोफाइल तयार गर्ने सम्बन्धी कार्य,
- नेपाली सेनाले सञ्चालन गरेको पर्वतारोहण, वाकिटकी, फ्रिक्वेन्सी र सञ्चार सम्बन्धी कार्यको समन्वय,
- सूचना अधिकारीको रूपमा कार्य गर्ने र कानुन बमोजिम माग भएका सूचना सङ्कलन/विश्लेषण गरी उपलब्ध गराउने सम्बन्धी कार्य,
- मन्त्रालयको त्रैमासिक विवरण (स्वतः प्रकाशन) प्रकाशन सम्बन्धी कार्य,
- संघीय संसद्मा उठान भएका रक्षा मन्त्रालय र नेपाली सेना सम्बद्ध विषयहरूको रिपोर्टिङ गर्ने तथा संसद सचिवालय/संसदीय समितिबाट माग भएका विवरण सङ्कलन गरी जवाफ तयार गर्ने लगायतका कार्य,
- मन्त्रालयभित्र कम्प्युटर नेटवर्किङ व्यवस्थापन तथा मन्त्रालय बाहिर आवश्यक लिङ्कको व्यवस्था सम्बन्धी कार्य,
- मन्त्रालयको वेबसाइट निर्माण, सञ्चालन, व्यवस्थापन तथा नियमित सामग्री अद्यावधिक सम्बन्धी कार्य,
- Information Technology (IT) विशेषज्ञ र सल्लाहकारको भूमिका निर्वाह सम्बन्धी कार्य,
- सूचना प्रविधिसँग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयरको जडान (Installation) तथा समस्या समाधान (Troubleshooting) सम्बन्धी कार्य,
- मन्त्रालय तथा कर्मचारीको सरकारी इमेल व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालयमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को सञ्चालन, व्यवस्थापन र तत्सम्बन्धमा कर्मचारीहरूलाई अभिमुखीकरण/प्रशिक्षण सम्बन्धी कार्य,
- मन्त्रालयको कामकारवाहीलाई सूचना प्रविधिमा आधारित बनाउने तथा सेवा प्रवाहलाई अनलाइन मार्फत प्रदान गर्ने कार्य,
- Gender Focal Person/Disaster Focal Person का रूपमा कार्य गर्ने र तत्सम्बन्धी बैठकहरूमा मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गर्ने कार्य,
- सुरक्षा जर्नल सम्पादन/प्रकाशन सम्बन्धी कार्य,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका/अधिकार प्रत्यायोजन भएका कार्यहरू।

३. सैनिक प्रबन्ध तथा समन्वय महाशाखा

क. प्रबन्ध तथा खरिद व्यवस्थापन शाखा

- मन्त्रालय अन्तर्गत निजामती तर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन, पेन्सन, उपदान तथा कर्मचारीहरूको हित, प्रोत्साहन सम्बन्धी कार्य,
- विभिन्न विषयमा आन्तरिक सूचना र परिपत्र गर्ने सम्बन्धी कार्य,
- दर्ता चलानी फाँटको सञ्चालन र सहायता कक्ष (Help Desk) व्यवस्थापन सम्बन्धी कार्य,
- स्टोर तथा पुस्तकालय सञ्चालनसम्बन्धी कार्य,
- मन्त्रालय भवनको मर्मत सम्भार, सुरक्षा, सरसफाइको व्यवस्थापन सम्बन्धी कार्य,
- अति विशिष्ट व्यक्तिहरूको सुरक्षा र त्यसको समन्वय सम्बन्धी कार्य,
- कार्यालय सामान खरिद व्यवस्थापन सम्बन्धी कार्य,
- जिन्सी निरीक्षण एवं पुराना सामानहरू लिलाम गर्ने कार्य,
- मन्त्रालयबाट आयोजना हुने सभा, सम्मेलन, समारोह, बैठक आदिको व्यवस्थापन सम्बन्धी कार्य,
- सवारी साधन व्यवस्थापन सम्बन्धी कार्य,
- अति विशिष्ट व्यक्तिहरूको सुरक्षा र त्यसको समन्वय सम्बन्धी कार्य,
- अति विशिष्ट व्यक्तिहरूलाई सैनिक जहाज उपयोग सम्बन्धी व्यवस्थापकीय कार्य,
- नेपाली सैनिक विमान सेवा (चार्टर सेवा समेत) सम्बन्धी समन्वय र व्यवस्थापन कार्य,
- मन्त्रालय तथा नेपाली सेनाको सम्पत्ति (चल अचल) को विवरण तयार गरी अभिलेखबद्ध र अद्यावधिक गर्ने तथा आवश्यकतानुसार डिजिटलाइज्ड गर्ने कार्य,
- नेपाली सेनाका लागि जग्गा अधिग्रहण, भोगाधिकार तथा जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यहरू गर्ने/गराउने
- नेपाली सेनाको लागि आवश्यक बन्दोबस्तीका सामान र रासनको व्यवस्था गर्ने/गराउने कार्य,
- चाँदमारी क्षेत्रहरूको लगत/ रेकर्ड व्यवस्थित राख्ने कार्य,
- सिलखाना व्यवस्थापन सम्बन्धी कार्य,
- सैनिक नाप नक्सा, हवाई सर्वेक्षण सम्बन्धी कार्य,
- राष्ट्रिय निकुञ्ज तथा वन्जन्तु आरक्षको सुरक्षा सम्बन्धी कार्य र नीतिहरू तर्जुमा गर्ने कार्य,
- राष्ट्रिय सुरक्षा खरखजाना एवं विस्फोटक पदार्थहरूको नीतिगत व्यवस्थापन सम्बन्धी कार्य,

- नेपाली सेनाले सञ्चालन गरेका उद्योग व्यवस्थापन सम्बन्धी कार्य,
- मुलुकको अन्तर्राष्ट्रिय सीमासम्बन्धी दस्तावेजहरूको अभिलेख राख्ने कार्य।
- सैनिक उपकरण व्यवस्थापन नीति (Military Equipment Management Policy) र वार्षिक सामानहरूको आपूर्ति सम्बन्धी नीति नियम र जगेडा परिमाण नीति (Stocking Policy) आपूर्ति व्यवस्थापन (हेभी इक्युपमेण्ट सवारी साधन तथा मेसिनरी औजार, सेनाको लागि तत्काल र नियमित आपूर्ति भइरहनु पर्ने बाहेकका नियन्त्रित तथा अनियन्त्रित सामानहरू) सम्बन्धी योजना स्वीकृति र प्राप्ति सम्बन्धी कार्य,
- नेपाली सेनाको लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन सैनिक सामग्रीहरू उत्पादन/आपूर्ति नीति (Defence Equipment Production/Supply Policy) , योजना तथा कार्यक्रम सम्बन्धी कार्य,
- सैनिक सामग्रीहरूको उत्पादन र व्यवस्थापन सम्बन्धी मन्त्रालयबाट गरिने अन्य कार्यहरू,
- विकास निर्माण कार्यमा उपयोग हुने विस्फोटक पदार्थ उपलब्ध गराउने कार्यमा आवश्यक समन्वय, सहजीकरण र नियमन सम्बन्धी कार्य,
- सुरक्षा संवेनदशील क्षेत्रमा ड्रोन उडान मार्फत हुने छायाङ्कनका लागि स्वीकृति/राय सुझाव प्रदान गर्ने तथा तत्सम्बन्धी कार्यको अनुगमन गर्ने/गराउने सम्बन्धी कार्य,
- कन्ट्रोल आइटममा भन्सार महसुल छुट, विदेशी मुद्रा सटही सुविधा, मूल्य अभिवृद्धि कर छुटको सम्बन्धमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन तथा अनुगमनसम्बन्धी कार्य,
- मन्त्रालयबाट सम्पादन गर्नुपर्ने अन्य भैपरी आउने कार्य।
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू,

ख. आर्थिक प्रशासन शाखा

- मन्त्रालय, नेपाली सेना र सो अन्तर्गतका निकायका लागि विनियोजित बजेटको अख्तियारी दिने, अख्तियारी तथा निकासा रोक्का तथा फुकुवा सम्बन्धी कार्य,
- मन्त्रालय, नेपाली सेना र सो अन्तर्गतका निकायको लागि नियमित बजेट माग, परिचालन र समन्वय, तथा रकमान्तर सम्बन्धी कार्य,
- मन्त्रालयको केन्द्रीय तथा कार्य सञ्चालनस्तरको लेखासम्बन्धी कार्य,
- सार्वजनिक लेखा समिति र बेरुजु फछ्यौंट सम्बन्धी कार्य,
- अन्य शाखाहरूसँग समेत समन्वय गरी मन्त्रालयको आर्थिक व्यवस्थापन सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य,

- रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूमा सञ्चालित विभिन्न कोषहरूको परिचालन, वित्तीय व्यवस्थापनका सन्दर्भमा मन्त्रालयको सम्बन्धित शाखासँग समन्वय गरी नियन्त्रण, अनुगमन तथा समन्वय सम्बन्धी कार्य,
- जग्गाका मुआब्जा, राहत तथा क्षतिपूर्ति सम्बन्धी कामको रकम वितरण तथा आर्थिक व्यवस्थापन सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गत निकायहरूको आर्थिक प्रशासनको नियन्त्रण, अनुगमन सम्बन्धी कार्य,
- महाशाखा/शाखाबाट आर्थिक दायित्व सिर्जना हुने विषयमा राय माग गरिएको अवस्थामा प्रचलित आर्थिक कानूनको आधारमा राय/सुझाव प्रदान गर्ने सम्बन्धी कार्य,
- आर्थिक विवरण तयार गर्ने कार्य,
- मास्केवारी प्रतिवेदन निर्माण सम्बन्धी कार्य,
- महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष लगायतका निकायसँग समन्वय सम्बन्धी कार्य,
- सचिव तथा महाशाखा प्रमुखबाट तोकिएका, अधिकार प्रत्यायोजन भएका कार्यहरू।

(ङ) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

सि.नं.	महाशाखा	शाखा	महाशाखा/शाखा प्रमुख	पद
१.	**प्रशासन तथा शासकीय सुधार**	**-**	**बाबुराम भण्डारी**	**सहसचिव**
१.१		प्रशासन	शारदा चालिसे	उपसचिव
१.२		शासकीय सुधार तथा जनशक्ति विकास	खड्ग राज राई	उपसचिव
१.३		कानून, फैसला कार्यान्वयन तथा मानव अधिकार	रिन्जा डंगोल	उपसचिव (कानून)
२.	**नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय**	**-**	**उदय बहादुर रानामगर**	**सहसचिव**
२.१		नीति, योजना तथा सैनिक कल्याण	प्रेमप्रसाद न्यौपाने	उपसचिव
२.२		शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध	रामेश्वर पोखरेल	उपसचिव
२.३		सूचना विश्लेषण तथा विपद् समन्वय	आत्माराम सत्याल	उपसचिव
३	**सैनिक प्रबन्ध तथा समन्वय**	**-**	**ज्ञानेन्द्र पौडेल**	**सहसचिव**
३.१		प्रबन्ध तथा खरिद व्यवस्थापन	भिमकान्त पौडेल	उपसचिव
३.२		आर्थिक प्रशासन	गायत्रीरमण खनाल	उपसचिव (लेखा)

(च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः

प्रत्यक्ष जनसम्पर्क नहुने र नीतिगत निर्णय गर्ने कार्य मात्र सम्पन्न गर्ने हुँदा सम्बन्धित ऐनहरूमा तोकिएको प्रतिलिपि दस्तुर बाहेक अन्य दस्तुर नलाग्ने व्यवस्था छ। यस मन्त्रालयबाट सम्पादन हुने कार्यहरू एवम् प्रवाह गर्ने सेवाहरूलाई सूचना प्रविधिको समेत प्रयोग गरि छिटो छरितो रुपमा सम्पन्न हुने व्यवस्था मिलाइएको छ ।

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारः

प्रचलित कानून बमोजिम मन्त्री र सचिव तहबाट निर्णय हुने गरेको छ। यसका साथै अधिकार प्रत्यायोजन भए बमोजिम महाशाखा प्रमुखबाट समेत निर्णय हुने व्यवस्था मिलाइएको छ । निर्णय प्रक्रियामा अधिकृत तहदेखि टिप्पणी उठाउने र उपसचिवले राय सहित अघि बढाउने गरि शाखा अधिकृत पद देखि सहभागी हुने व्यवस्था रहेको छ।

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारीः

शाखामा शाखासँग सम्बन्धित कामहरूमा कुनै गुनासो भएमा महाशाखा प्रमुख, सचिव वा मन्त्रीज्यूबाट गुनासो सम्बोधन हुने गरेको छ। मन्त्रालय स्तरमा भएको निर्णयबाट कसैलाई कुनै मर्का पर्न गएमा र सो सम्बन्धमा सम्बन्धित पक्षबाट निवेदन/गुनासो प्राप्त भएमा आवश्यकतानुसार समिति गठन गरी निवेदन र गुनासोको व्यवस्थापन गर्ने गरिएको छ।

(झ) सम्पादन गरेको कामको विवरणः

रक्षा मन्त्रालय र अन्तर्गतको नेपाली सेनाबाट राष्ट्रिय सुरक्षा एवम प्रतिरक्षा सम्बन्धी विषयमा केन्द्रित भई कार्य सम्पादन हुँदै आएको छ। यसका अतिरिक्त नेपालको संविधान (२०७२) को धारा २६७ (४) बमोजिम नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापनका अन्य कार्यमा परिचालन गर्न सक्ने व्यवस्था भए बमोजिम नेपाली सेनाद्वारा त्यस्ता कार्य समेत सम्पादन हुँदै आएका छन् ।

नेपाली सेनाले विपद् व्यवस्थापनमा खेलेको भूमिका सह्रानीय रहेको छ । साथै, नेपाल सरकारको निर्णय बमोजिम नेपाली सेनाद्वारा राष्ट्रिय गौरवको काठमाडौं/तराई-मधेश द्रुतमार्ग सडक सम्बन्धी आयोजना एवम कोरिडोर सडक निर्माणको कार्य हुँदै आइरहेको छ भने प्रकृति संरक्षण अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा र राष्ट्रपति चुरे संरक्षण सम्बन्धी कार्यक्रम समेत भईरहेको छ।

रक्षा मन्त्रालयबाट सम्पादन भएका कामको विवरणः

प्रशासन तथा शासकीय सुधार महाशाखा

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
१.	**प्रशासन शाखा**	- यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी निरन्तर रूपमा प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - नेपाल सरकार मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३/०४/०४, २०८३/०५/१, २०८३/०५/११ र २०८३/०६/०५ गते बसेको सचिव बैठकहरूबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति पठाइएको, - नेपाली सेनाको सिफारिस बमोजिम नियमित बढुवा, सरूवा, पदावधि थप, राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा १७ जना, विशेष बढुवा १ जना, सरूवा २७ जना, पदावधि थप ३ जना र राजीनामा १४ जना),
२.	**शासकीय सुधार तथा जनशक्ति विकास शाखा**	- यस मन्त्रालयको आ.व. ०८३/८४ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय सुरक्षाको बदलिदो अवधारणा, सैन्य कूटनीति, नागरिक सैनिक सम्बन्ध लगायत विषयमा Army Command And Staff College सँगको सहकार्यमा मन्त्रालयका कर्मचारीहरूको लागि क्षमता विकास/तालिम सञ्चालन गर्ने सम्बन्धमा प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा उक्त कलेजका प्रतिनिधिहरूलाई आमन्त्रण गरी मिति २०८३/०४/१४ गते प्रारम्भिक छलफल सम्पन्न गरिएको, - मिति २०८३ साउन २९, भदौ ३१ र असोज २७ गते शासकीय सुधार एकाइको बैठक बसेको, - नेपाली सेनाका सकलदर्जाको "वैदेशिक भ्रमण खर्च व्यवस्थापन सम्बन्धी निर्देशिका" को मस्यौदा तयार गर्न गठित समितिको मिति २०८३/०६/१३ गते बैठक बसेको, - मन्त्रालयबाट निजामती कर्मचारीतर्फ स्वदेशमा १ जना एवं विदेशमा ३ जना र नेपाली सेनातर्फ (सकलदर्जा) १८० जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप कार्यक्रम, भ्रमण, खेलकुद) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको। साथै मनोनित

		उम्मेदवारका आश्रित परिवारका सदस्य २८ जनाको लागि भिसा सिफारिस गरिएको,
३.	**कानून, फैसला कार्यान्वयन तथा मानव अधिकार शाखा**	- कानून अध्ययन समितिको प्रतिवेदन अनुसार रक्षा मन्त्रालय र रक्षा मन्त्रालयसँग सम्बन्धित निकायहरुसँग सम्बन्धित खारेज गर्नुपर्न ६ (छ) वटा नियमावलीहरु "सैनिक सेवा (सातौं संशोधन) नियमावली, २०८३" मा "खारेजी र बचाउ" नियम शिर्षक थप गरी उल्लेखित नियमावलीहरु खारेज गर्न आवश्यक बचाउ गर्नुपर्ने विषय भए खुलाई पठाइदिनुहुन मिति २०८३/०४/१४ मा नेपाली सेना, प्रधानसेनापतिको कार्यालयमा पत्राचार गरिएको, - सैनिक (पहिलो संशोधन) ऐन, २०८३ को मस्यौदामा अदालतका फैसलाहरु समावेश गर्ने अनुरोध गर्दे मिति २०८३/०४/२७ मा नेपाली सेना, प्रधानसेनापतिको कार्यालयमा पत्राचार गरिएको, - **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को मस्यौदा संघीय संसदमा मिति २०८३।६।५ मा दर्ता भएको, - सैनिक सेवा (सातौं संशोधन) नियमावली, २०८३ को मस्यौदामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट मिति २०८३/०६/२७ को पत्रबाट तर्जुमा सहमति प्राप्त भई लोक सेवा आयोगको परामर्श लिने प्रयोजनार्थ नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पठाउन स्वीकृतिका लागि पेश भएको, - वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, - सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा नेपाली सेनाका सैनिक व्यक्तिहरूको बढुवा, आयुक्त पद प्रदान, राजीनामा, पुनः मनोनयन स्वीकृत, सेवा/समुह परिवर्तन लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको, - रिट नं. ०८३-WO-२८० को लिखित जवाफ पठाइएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राष्ट्रिय मानव अधिकार आयोगको निर्णय कार्यान्वयनका लागि सिफारिस भई आएको २१ वटा पत्र नेपाली सेनामा पत्राचार गरिएकोमा ३

		वटाको जवाफ प्राप्त गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ५ वटा उजुरी/गुनासोहरू नेपाली सेनामा पत्राचार गरिएको जसमध्ये १ वटाको जवाफ प्राप्त गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको, - हेलो सरकारबाट यस अवधिमा प्राप्त नेपाली सेनासँग सम्बन्धित ५८ वटा गुनासोहरू प्राप्त भई नेपाली सेनामा पत्राचार गरिएको। साथै विभिन्न मितिमा प्राप्त १७ वटा गुनासोहरूको नेपाली सेनाबाट जवाफ प्राप्त गरी हेलो सरकारमा पत्राचार गरिएको, - हेलो सरकार बाहेक अन्य निकायबाट प्राप्त भएका २४ वटा उजुरी/गुनासोहरू नेपाली सेनामा पत्राचार गरिएकोमा १० वटाको जवाफ प्राप्त भई सम्बन्धित निकायमा पठाइएको, - नेपाली सेनाबाट प्राप्त भएको विभिन्न ६ वटा राय/प्रतिक्रिया सम्बन्धी पत्रहरू राष्ट्रिय मानव अधिकार आयोगका प्रादेशिक कार्यालयहरूमा पठाइएको र राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश र मधेश प्रदेश कार्यालयबाट राय/प्रतिक्रिया माग गरिएको ३ वटा पत्र नेपाली सेनामा पत्राचार गरिएको,

नीति, योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
१.	**नीति, योजना तथा सैनिक कल्याण शाखा**	- आ.व. २०८३/८४ को वार्षिक कार्यान्वयन कार्ययोजना (Milestone) को विवरण एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरीएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएबमोजिम यस मन्त्रालय र अन्तर्गत निकायको २०८३ असोज मसान्तसम्म सम्पादन गरिने महत्वपूर्ण कार्यहरु (माइलस्टोन र नतिजा सहित) को विवरण मिति २०८३/०४/११ गते उपलब्ध गराइएको, - २०८३ साउनर भदौ महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - रक्षा सचिवको अध्यक्षता एवम् प्रधान सेनापतिको विशेष

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
		उपस्थितिमा आ.व. २०८२/८३ को चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) मिति २०८३/०४/१४ गते सम्पन्न भएको, - राष्ट्रिय योजना आयोगमा मिति २०८३/०४/१९ गते राष्ट्रिय विकास समस्या समाधान समितिको तयारी बैठकमा मन्त्रालयका सचिवको नेतृत्वमा सहभागी भई प्रस्तुतीकरण समेत गरिएको, - आ.व. २०८२/८३ को चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) को निर्णय सम्बन्धित निकायहरूमा पठाउनुका साथै राष्ट्रिय योजना आयोगमा सोको प्रतिवेदन मिति २०८३/०४/१५ गते पेस गरिएको, - यस मन्त्रालयको वार्षिक अनुगमन योजना, २०८३ मिति २०८३/०४/२२ गते स्वीकृत भएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमको विस्तृत कार्यान्वयन कार्ययोजना (DIP) मिति २०८३/०४/२२ गते उपलब्ध गराइएको, - यस मन्त्रालय र अन्तर्गतका निकायको आ.व. २०८२/८३ को वार्षिक प्रगति पुस्तिका तयारी तथा प्रकाशनका लागि मिति २०८३/०४/२५ गते समिति गठन गरी यस मन्त्रालय अन्तर्गतका निकाय तथा महाशाखा/शाखासँग मिति २०८३/०५/०३ गतेको पत्रमार्फत सम्बन्धित विवरण माग गरिएको, - सम्माननीय प्रधानमन्त्री एवम् रक्षा मन्त्री र रक्षा सचिवबीच आ.व. २०८३/८४ मा सञ्चालन गरिने कार्यहरु समावेश भएको कार्यसम्पादन सम्झौता मिति २०८३/०५/०३ गते सम्पन्न भएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएबमोजिम यस मन्त्रालयबाट संविधानको धारा ५०, ५१ र ५२ मा उल्लेख भएका

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
		राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन गर्ने सन्दर्भमा आ.व. २०८२/८३ मा भए गरेका प्रमुख कार्यहरू र प्राप्त मुख्य मुख्य उपलब्धिको विवरण समेतको नेपालको संविधानको धारा ५३ बमोजिमको वार्षिक प्रगति प्रतिवेदन मिति २०८३/५/८ गते उपलब्ध गराइएको, - यस मन्त्रालय अन्तर्गत निकायबाट कार्यान्वयनमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूको हालसम्मको प्रगति विवरण मिति २०८३/०५/१६ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र मिति २०८३/०५/२५ गते राष्ट्रिय योजना आयोगमा उपलब्ध गराइएको, - चालु आर्थिक बर्ष २०८३/०८४ का लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको काठमाडौं-तराई/मधेश द्रुतमार्ग (KTFT) सडक आयोजनाको प्याकेजगत समस्या पहिचान गरी सहजीकरणका लागि सरोकारबालाहरुसँग समन्वय बैठक/अन्तरक्रिया कार्यक्रम मिति २०८३/६/२९ गते सम्पन्न भएको, - -राष्ट्रिय जलवायु परिवर्तन निति, २०८३ को मस्यौदा सम्बन्धमा कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट यस मन्त्रालयको राय/सुझाब माग गरेकोमा मिति २०८३/०६/२२ गतेको निर्णयानुसार राय पठाइएको, - काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत कार्य सहमति (९ जना) र गैर पर्यटक भिसा (५४ जना) का लागि अध्यागमन विभाग तथा श्रम इजाजत (३० जना) का लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा पत्राचार गरिएको,
२.	**शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा**	- ७.६२ mm Medium Machine Gun नाल-५०, AC Electric Bus गोटा-२० र Electric Charger गोटा-१०, Scorpio DC Pick-up-४५, Bolero DC Pick-up-५०,Bolero Hard Top Jeep-१० र Life Saving Medicines हरु ग्रहण गर्ने स्वीकृति, पैठारी गर्दा लाग्ने महसुल लगायतका अन्य सम्पूर्ण दस्तुर, शुल्क वा कर छूट तथा जाँचपासको व्यवस्थाको लागि अर्थ मन्त्रालयमा पत्राचार गरिएको, - मिति २०८३/०४/२७ गते देखि मिति २०८३/०५/०३ गतेसम्म

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
		हुने भारतीय स्थल सेनाध्यक्षलाई मानको खातिर नेपाली सेनाको मानार्थ महारथी पद प्रदानको लागि सम्माननीय राष्ट्रपतिज्यू तथा प्रधानमन्त्रीज्यूबाट समय उपलब्ध, सवारी साधनको उपलब्धता, राजदूत, सैनिक सहचारीको उपस्थिति सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरिएको, - M28 Skytruck-2 (Air Ambulance सहित) सँग सम्बन्धित Spare Parts क्रमिक रुपमा प्राप्त हुने क्रममा रहेकोले सोहीबमोजिम Air Ambulance सँग सम्बन्धित USD 565904.87 (पाँचलाख पैसाठ्ठी हजार नौसय चार अमेरिकी डलर र सतासी सेन्ट) मूल्य बराबरको Spare Parts का सामाग्रीहरुको भन्सार छुट सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०६/२८ (सचिवस्तर) को निर्णयानुसार अर्थ मन्त्रालयमा पत्राचार गरिएको, - संयुक्त राज्य अमेरिका सरकारले नेपालका लागि आवासीय Assistant Military Attache पदमा Major Alexander Norman Abt लाई नियुक्त गर्ने प्रस्ताव सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०४/२० को (सचिवस्तर) को निर्णयअनुसार परराष्ट्र मन्त्रालयमा राय पठाइएको, - दक्षिण कोरियाका गैर-आवासीय Military Attache पदमा कार्यरत Lieutenant Colonel Han Jong-hun को बदलामा Lieutenant Colonel YOUGJU SON लाई उक्त पदमा नियुक्त गर्ने प्रस्ताव सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०४/२७ (सचिवस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा राय पठाइएको, - फिलिपिन्स सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय Defense and Armed Forces Attache पदमा Captain Jayson A Manaligod लाई नियुक्त गर्ने प्रस्ताव सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०५/३० को (सचिवस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा पठाइएको, - इजरायल सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय सैनिक सहचारी Defence and Armed Forces Attache' पदमा Colonel Eliyahu Toledano Eitan लाई नियुक्त गर्न प्रस्ताव गरेको सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०६/१३ को (सचिवस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा राय पठाइएको,

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
		- जापान सरकारले नेपालका लागि गैर-आवासीय सैनिक सहचारी Defence Attache' पदमा Col Mr. TANAKA Yoshihiro लाई नियुक्त गर्न प्रस्ताव गरेको सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०६/१३ को (सचिवस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा राय पठाइएको, - मोरक्को सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय सैनिक सहचारी Defence Attache' (Military, Naval and Air Attache' पदमा Colonel Charaf Arsalane लाई नियुक्त गर्न प्रस्ताव गरेको सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०६/१३ को (सचिवस्तर) को निर्णयानुसार परराष्ट्र मन्त्रालयमा राय पठाइएको, - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा-४४४ जना (१ जना रक्षा मनत्रालयको प्रतिनिधि सहित) विभिन्न दर्जाको मनोनयन स्वीकृत, ३११ जनाको विशेष राहदानी सिफारिस तथा १५ जनाको भिसा सिफारिस गरिएको,
३.	**सूचना विश्लेषण तथा विपद् समन्वय शाखा**	- सूचनाको हकसम्बन्धी ऐनले गरेको व्यवस्था बमोजिम आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा भए गरेका कामको प्रगति विवरण (Pro-active Disclosure) सार्वजनिक गरिएको, - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्य तथा मन्त्रालयसँग सम्बन्धित अन्य कार्यहरूको प्रगति विवरण मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, - सुरक्षा जर्नल वर्ष ७ अङ्क १ का लागि लेख रचना संकलन गर्न सूचना प्रकाशन गरिएको, - संघीय संसदमा उठान भएका यस मन्त्रालय र नेपाली सेना सम्बद्ध विषयहरूको विवरण सङ्कलन/जवाफ तयार गरी साप्ताहिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रिपोर्टिङ गरिएको, - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/१२/२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"**

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
		कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य २ (दुई) कार्य सङ्कलन गरी **Google Docs** मार्फत रिपोरिङ गर्ने गरिएको, - सूचनाको हक सम्बन्धी ऐन बमोजिमको सूचना माग गर्ने ३ जना निवेदकहरूलाई सूचना उपलब्ध गराइएको, - विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय, सहजीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने गरिएको, - मन्त्रालयबाट हरेक महिनामा भए गरेका कार्यहरू रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको, - मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (साउन, भदौ र असोज महिनाको GIOMS रिपोर्टमा आधारित) तयार गरिएको, - मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित रूपमा अद्यावधिक गरिएको,

सैनिक प्रबन्ध तथा समन्वय महाशाखा

सि.नं.	शाखाको नाम	शाखाबाट सम्पादित कार्यहरू
१.	**प्रबन्ध तथा खरिद व्यवस्थापन शाखा**	- आ.व. २०८२/८३ को जिन्सी निरिक्षणको कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त भएको, - मिति २०८३ भदौ १० गते रसुवा जिल्लामा आएको पहिरो र बाढीका कारण सृजित प्राकृतिक विपद् तथा मानवीय साहायता सम्बन्धमा परराष्ट्र मन्त्रालय तथा गृह मन्त्रालयबाट प्राप्त Diplomatic Flight clearance, Bailey bridge, शिष्टाचार भेट, नेपाली सेनाको हेलिकप्टर सहयोग, बाढीबाट प्रभावितहरूको सुरक्षा, ड्रोन उडान, नागरिकको उद्धार, लगायत विषयमा (६५) वटा पत्र प्राप्त गरी नेपाली सेना र सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पत्राचार गरिएको, - रसुवा/भोटेकोशी बाढीका कारण क्षतिको प्रतिकार्यका लागि विभिन्न देश तथा निकायद्धारा सिग्नल उपकरण तथा एसेसरिज, सञ्चार उपकरणहरू तथा जेनेरेटर सेट ग्रहण गर्ने स्वीकृतिका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको, - VVIP उडान तथा हेली उद्धार (२८), सुरक्षा प्रबन्ध (१०) तथा

		ड्रोन उडानको सहमति दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय, निकायहरूसँग निरन्तर समन्वय तथा सहजीकरण गरिएको। - मन्त्रालयमा उच्च व्यवस्था समूह (SMT) बैठक तथा कर्मचारी बैठक सम्पन्न गरिएको, - मन्त्रालयको चालु आ.व २०८२/८३ को वार्षिक खरिद योजना स्वीकृत गरी मसलन्द सामग्रीहरूको बोलपत्र आव्हान प्रक्रिया पुरा गरी सम्झौता गरिएकोमा आपूर्तिदाताले सामानहरू कार्यालयमा दाखिला गर्नुपूर्व सम्झौताको शर्त र प्राविधिक स्फेशिफिकेशन (Technical Specifications) बमोजिम भए नभएको यकिन गर्न मालसामानको Pre-Delivery Inspection (PDI) को लागि गठन भएको निरीक्षण समितिमा कर्मचारी तोकिएको, - विभिन्न २३ जलविद्युत आयोजना तथा २ सडक आयोजना एंव ८ औद्योगिक प्रयोजनका लागि आवश्यक विष्फोटक पदार्थ/रासायनिक पदार्थको खरिद/आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको, - नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा २२ पटक सिफारिस गरिएको,
२.	**आर्थिक प्रशासन शाखा**	- रक्षा मन्त्रालय मातहतका निकायलाई आर्थिक वर्ष २०८३/८४ को बजेट अख्तियारी प्रदान गरियो, - महालेखापरीक्षकको ६३ औँ वार्षिक प्रतिवेदनमा उल्लिखित रक्षा मन्त्रालयसँग सम्बन्धित बेरुजुको जवाफ/प्रतिक्रिया मिति २०८३/०४/११ मा श्री सार्वजनिक लेखा समितिमा पठाइएको, - आर्थिक वर्ष २०८२/८३ को रक्षा मन्त्रालय तथा मातहत निकायको केन्द्रिय लेखा तथा वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा बुझाइयो, - आ.व. २०८३/८४ असोज महिनासम्म चालु खर्च १९.११% र पुँजीगत खर्च २.१९% भएको,

२. नेपाली सेनाबाट सम्पादन भएका कामको विवरणः

यस मन्त्रालय अन्तर्गत नेपाली सेनाबाट सम्पादित कार्यहरुको आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक (साउन, भदौ र असोज) अवधिको विवरण पाना ८ (आठ) यसैसाथ संलग्न रहेको छ।

(ञ) प्रमुख र सूचना अधिकारीको नाम र पदः

इन्दु घिमिरे सचिव ०१४२११२८९	आत्माराम सत्याल उपसचिव/सूचना अधिकारी ०१४२००२६४
	

(ट) ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड र नीतिहरुको सूचीः

- नेपालको संविधान
- राष्ट्रिय सुरक्षा नीति, २०७५
- राष्ट्रिय प्रतिरक्षा नीति, २०७७
- सैनिक ऐन, २०६३
- राष्ट्रिय सेवा दल ऐन, २०२७
- सैनिक सेवा नियमावली, २०६९
- सैनिक अल्पसेवा नियमावली, २०४१
- सैनिक अदालत नियमावली, २०६४
- सैनिक कल्याणकारी कोष नियमावली, २०६५
- सैनिक प्राविधिक सेवा नियमावली, २०७६
- भूतपूर्व सैनिक नियुक्ति (विशेष व्यवस्था) नियमावली, २०५९
- सैनिक प्रहरी सम्बन्धी नियमावली, २०५८
- सैनिक प्राड सेवा नियमावली, २०७४
- सैनिक विविध सेवा नियमावली, २०७४
- सैनिक हवाई सेवा नियमावली, २०७४
- रक्षा आर्थिक (कार्यविधि) नियमहरू, २०२२
- सैनिक नयाँ भर्ना नियमहरू, २०१९
- सैनिक (पाइनियर गण) भर्ना नियमहरू, २०२०

- सैनिक अस्पताल (व्यवस्था) नियमहरू, २०२३
- रक्षा मन्त्रलयको कार्यसम्पादन कार्यविधि, २०८२
- रक्षा मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली, २०८३
- शान्ति सेना छनौट कार्यविधि, २०७५
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६
- सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४
- नेपाली सेना मानार्थ बढुवा र विशेष बढुवा सम्बन्धी कार्यविधि
- काठमाण्डौ—तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि—२०७४ (तेस्रो संशोधन)
- विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३
- रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

– प्रतिवेदन अवधिको खर्चको फाँटवारी पाना १२ (बाह्र) प्रतिवेदनसाथ संलग्न रहेको छ।

(ड) तोकिए बमोजिमका अन्य विवरणः

– अन्य विवरण नभएको।

(ढ) अघिल्लो आर्थिक वर्षमा रक्षा मन्त्रालयबाट सञ्चालन भएका कार्यक्रम वा आयोजनाको प्रगति विवरणः

– अघिल्लो आर्थिक वर्षमा यस मन्त्रालयबाट सञ्चालन भएका कार्यक्रम वा आयोजनाको प्रगति विवरण मन्त्रालयको वेबसाइटमा प्रकाशित गरिएको छ।

(ण) रक्षा मन्त्रालयको वेबसाइटः

– www.mod.gov.np

(त) रक्षा मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

– नेपाल सरकारको नीति र निर्देशन बमोजिम आवश्यकताअनुसार नेपाल सरकारको स्वीकृतीमा मित्रराष्ट्रद्वारा सञ्चालित तालिम, विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रममा सहभागी हुने गरेको।

(थ) रक्षा मन्त्रालयले सञ्चालन गरेको मुख्य कार्यक्रम र सोको प्रगति विवरणः

– यस मन्त्रालयले सम्पादन गरेका मुख्य कार्यक्रम र सोको प्रगति विवरण बुदा नं. (झ) मा राखिएको छ।

(द) रक्षा मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

– कानूनमा उल्लेख भए बमोजिम हुने गरेको छ।

(ध) रक्षा मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः

– यस त्रैमासिक अवधिमा ३ जनालाई सूचना प्रदान गरिएको छ।

(न) सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः

– हालसम्म सूचना प्रकाशन सूचना पाटी र Website मा हुने गरेको छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र ऐ. नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम. नेपाली सेना।

सूचना सार्वजनिक गरेको अवधि. मिति २०८३ श्रावण, भाद्र र आश्विन।

१. निकायको स्वरुप र प्रकृति. नेपाली सेना राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डताको संरक्षण तथा राष्ट्र र राष्ट्रवासीको सेवामा सदा समर्पित संस्था हो। नेपाली सेनाले नेपालको संविधानद्वारा निर्दिष्ट भूमिका पूरा गर्न देशका विभिन्न स्थान तथा तहमा संगठित भई आफ्नो जिम्मेवारी सम्पादन गर्दै आइरहेको छ।

२. निकायको काम, कर्तव्य र अधिकार

(क) नेपालको संविधान २०७२ को धारा २६७ (१) ले निर्दिष्ट गरे बमोजिम नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने।

(ख) नेपालको संविधानको धारा २६७ (४) ले निर्दिष्ट गरे बमोजिम नेपाल सरकारको निर्देशनमा विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यहरुमा परिचालन एवं राष्ट्रिय सुरक्षा नीति, २०७५ तथा राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ ले तोकेका अन्य जिम्मेवारीहरु वहन गर्ने।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण. नेपाली सेनाले नेपाल सरकारबाट स्वीकृत सङ्ख्या तथा दरबन्दी अनुसार राष्ट्रको सेवामा रही माथि उल्लेखित कार्यहरु सु-सम्पन्न गर्दै आएको छ।

४. निकायबाट प्रदान गरिने सेवा

(क) नेपालको संविधान २०७२ तथा सैनिक ऐन, २०६३ बमोजिम प्राप्त जिम्मेवारी तथा निर्देशनहरुलाई निर्दिष्ट रुपमा पालना गर्दै नेपाली सेनाले विकास निर्माण, वन्यजन्तु तथा वन सम्पदाको संरक्षण, पर्यावरण संरक्षण, विपद् व्यवस्थापन, जनहितका कार्य, स्वास्थ्य शिविर, प्रकोप उद्धार कार्यमा सक्रिय भई विभिन्न क्षेत्रमा सेवा पुऱ्याउँदै आइरहेको छ। यसका साथै विश्व शान्ति स्थापना कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ। देशको सुरक्षाको लागि सदैव तयारी हालतमा रहेको छ।

(ख) नेपाली सेनाको काम र कर्तव्यलाई असरदार रुपमा सम्पादन गर्न वार्षिक तालिम योजना अनुसार निरन्तर तालिम तथा अभ्यासहरुबाट पेसागत दक्षता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिँदै आइरहेको छ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी. नेपाली सेनाको स्वदेश तथा शान्ति स्थापना कार्यको लागि विदेशमा समेत तैनाथ रहेका विभिन्न युनिट र उक्त युनिटका युनिटपतिहरु।

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि. सेवा प्रदान गरिए बापत सेवा शुल्क तथा अन्य कुनै पनि शुल्कहरु लिने गरिएको छैन । सेवा प्रदान गर्ने अवधिको सम्बन्धमा सकेसम्म छिटो सेवा प्रदान गर्ने गरिएको छ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकार. कुनै पनि सूचना प्राप्त भएमा सोको विस्तृत अध्ययन, विश्लेषण तथा अनुसन्धान गरी गोपनियतालाई प्राथमिकतामा राखी नेपालको संविधान २०७२, सैनिक ऐन, २०६३ तथा सो अन्तर्गत बनेका नियमहरुको परिधिभित्र रही प्रक्रियागत रुपमा तहगत सैनिक नेतृत्वसमक्ष प्रतिवेदन पेस गरी आवश्यक निर्णय गरिँदै आइरहेको छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी. सैनिक ऐन, २०६३ तथा सैनिक सेवा नियमावली, २०६९ मा भएको व्यवस्था अनुसार स्थान विशेषका सम्बन्धित युनिटपति (कमाण्डिङ्ग अधिकृत) हुँदै तहगत रुपमा प्रधान सेनापति तथा नेपाल सरकार रहने। सो कार्यलाई प्रभावकारी बनाउनको लागि जङ्गी अड्डा अन्तर्गत श्री शिकायत जाँच महाशाखा मार्फत कार्य सम्पादन गर्ने गरिएको छ।

९. सम्पादन गरेको कामको विवरण. नेपाली सेनाका विभिन्न युनिटहरुबाट विकास निर्माण, काठमाडौं-तराइ/मधेश द्रुतमार्गको निर्माण, राष्ट्रिय निकुञ्ज तथा प्रकृति संरक्षण, राष्ट्रपति चुरे संरक्षण अभियानलाई निरन्तरता दिँदै संरक्षण, विपद् व्यवस्थापन, जनहितका कार्य, शान्ति स्थापना लगायत नेपाल सरकारबाट तोकिएका अन्य जिम्मेवारीहरु वहन गर्ने गरिएको छ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद. सहायक रथी श्री राजाराम बस्नेत, मोबाईल नम्बर ९८५१०८३२८८, फोन नम्बर ०१-५९७९३५०।

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची. सैनिक ऐन, २०६३ र यस अन्तर्गत जारी भएका विभिन्न सैनिक नियमावली, कार्यविधि र निर्देशिकाहरु रहेका छन्।

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(क) नेपाली सेनालाई चालु र पुँजीगत खर्च अन्तर्गत विनियोजन भएको बजेट रकमहरु आर्थिक ऐन नियमको परिधिभित्र रही सम्बन्धित शीर्षकमा खर्च गरी सो को फाँटवारी तोकिएको मितिमा नेपाल सरकारको सम्बन्धित निकायमा पेस गर्नुको साथै नेपाली सेनाले सम्पन्न गरेको कार्यहरुको वार्षिक प्रतिवेदन हरेक वर्षको श्रावण महिनामा श्री रक्षा मन्त्रालयमा पठाउने गरिएको छ।

(ख) नेपाली सेनालाई चालु आ.व. २०८३/८४ मा रक्षा बजेटतर्फ प्राप्त खुद बजेटको २०८३ आश्विन २६ गतेसम्म चालु खर्च तर्फ २८.५२ प्रतिशत, पुँजीगत खर्च तर्फ २.३० प्रतिशत र जम्मा २६.०४ प्रतिशत खर्च प्रगति हासिल भएको ।

१३. तोकिए बमोजिमका अन्य विवरण. माग भई आए अनुसारको सूचना तथा अन्य विवरणहरु सम्बन्धितलाई लिखित तथा मौखिक रुपमा तोकिएकै समयमा उपलब्ध गराउँदै आइरहेको छ।

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण. गत आर्थिक वर्ष तथा यस आर्थिक वर्षमा संचालन भएका कार्यक्रम वा आयोजनाको विवरण बुँदा नं. १७ मा विस्तृतमा उल्लेख गरिएको।

१५. सार्वजनिक निकायको Website भए सोको विवरण. www.nepalarmy.mil.np

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण. नेपाल सरकारको नीति र निर्देशनबमोजिम आवश्यकता अनुसार नेपाल सरकारको

स्वीकृति/समन्वयमा वैदेशिक सहायता एवं प्राविधिक सहयोगमा तालिम, विपद् व्यवस्थापन लगायत अन्य कार्य गर्ने गरिएको।

१७. <u>सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन</u>. नेपाली सेना सहभागी भई सञ्चालन भइरहेका विकास निर्माण सम्बन्धी कार्यहरुको प्रगति बिवरण निम्नानुसार रहेको।

(क) <u>कर्णाली करिडोर (लालिबगर-दुल्लीकुन्ना, घाटपारीचौर-बद्रीगाउं-भुक्काखोला खण्ड) सडक आयोजना (२२.०५ कि.मि.)</u>. नेपाली सेनाबाट गत आ.व. २०८२/८३ को अन्त्यसम्म कूल १६.५ कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको थियो। चालु आ.व. २०८३/८४ को आश्विन २३ गतेसम्म थप ०.३८० कि.मि. ट्रयाक स्तरोन्नतिको कार्य र ०.७५० कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भई कुल १७.२५० कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको छ। जिम्मेवारी प्राप्त सडकखण्डको कुल २२.०५ कि.मि. मध्ये सडक विभागद्धारा निर्मित २.५ कि.मि. सहित जम्मा १९.७५० कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको छ।

(ख) <u>बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक आयोजना (९२ कि.मि.)</u>. गत आ.व. २०८२/८३ को अन्त्यसम्म कूल ४०.८ कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको थियो। चालु आ.व. २०८३/८४ को आश्विन २३ गतेसम्म थप १.४३० कि.मि. ट्रयाक स्तरोन्नतिको कार्य र ०.११० कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भई कुल ४०.९१० कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको छ।

(ग) <u>दार्चुला-टिंकर सडक आयोजना (७९ कि.मि.)</u>. गत आ.व. २०८२/८३ को अन्त्यसम्म कूल १९.८ कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको थियो। चालु आ.व. २०८३/८४ को आश्विन २३ गतेसम्म थप ०.१८० कि.मि. ट्रयाक स्तरोन्नतिको कार्य र ०.२४५ कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भई कुल २०.०४५ कि.मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको छ।

(घ) <u>भेरी करिडोर (लासिकाफ-सिसौल खण्ड) सडक आयोजना (३३ कि.मि)</u>. भेरी करिडोर (लासिकाफ-सिसौल) खण्डको ३३ कि.मि. ट्रयाक निर्माणको लागि मिति २०८२/१२/०१ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार नेपाली सेनालाई जिम्मेवारी प्राप्त भएको छ। यहि मिति २०८३/०५/१७ गतेदेखी सिसौलतर्फबाट सडक निर्माणको कार्य सुरु भएको छ।

(ङ) <u>राष्ट्रिय चुरे संरक्षण आयोजना</u>

(१) <u>तालतलैया संरक्षण तथा व्यवस्थापन</u>. आ.व.२०८३/८४ मा श्री नं. १ र २ वन तथा पर्यावरण सुरक्षा गणबाट सप्तरी, सिरहा र नवलपरासी (ब.सु.प.) जिल्लाहरुमा जम्मा ३ वटा तालतलैया संरक्षण तथा व्यवस्थापन गर्ने कार्य अन्तर्गत समय सीमा (कार्य सम्पन्न मिति २०८४ जेठ मसान्त) अनुसार मिति २०८३/०५/२२ र २४ गते प्राप्त बोलपत्रहरु खोलुवा पश्चात मूल्याँङ्कन कार्य सम्पन्न गरी आशयको सूचना जारी भएको।

(२) <u>तारबार सहितको बृक्षारोपण</u>. आ.व.२०८३/८४ मा श्री नं. १ र २ वन तथा पर्यावरण सुरक्षा गणबाट सिरहा, कपिलवस्तु र नवलपरासी (ब.सु.प.) जिल्लाहरुमा ६२.५

हेक्टर जमिनमा तारबार सहित वृक्षारोपण (सुरक्षा व्यवस्था समेत) गर्ने कार्य अन्तर्गत समय सीमा (कार्य सम्पन्न मिति २०८४ जेठ मसान्त) अनुसार मिति २०८३/०५/२२ र २४ गते प्राप्त बोलपत्रहरु खोलुवा पश्चात मूल्याँङ्कन कार्य सम्पन्न गरी आशयको सूचना जारी भएको।

(च) <u>काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना</u>

(१) <u>आयोजनाको समष्टिगत प्रगति</u>. आयोजनाको २०८३ आश्विन मसान्तसम्मको समष्टिगत भौतिक प्रगति ५०.५४ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ५२.०० प्रतिशत (मोविलाईजेशन सहित) रहेको।

(२) <u>खरिद व्यवस्थापन</u>

(कक) आयोजनाको समष्टिगत कार्ययोजना (Holistic Plan) अन्तर्गत रहेका १३ वटा निर्माण प्याकेजहरु मध्ये हालसम्म प्याकेज नं. १, २, ३, ४, ५, ६, ७, ८क, ८ख, ९क, ९ख र १० निर्माणाधीन तथा कार्यान्वयनको चरणमा रहेको।

(कख) द्रुतमार्गको प्रस्थान बिन्दु खोकना-डुकुछाप खण्डमा पर्ने प्याकेज नं. ११ अन्तर्गत जग्गा अधिग्रहण सम्बन्धी समस्या रहेकोले मुआब्जा वितरणको लागि सम्बन्धितसँग समन्वय भइरहेको। सोमध्ये केहि खण्डको निर्माण कार्य अगाडि बढाउने तयारी गरिएको।

(३) <u>सुरुङ निर्माण कार्य प्रगति</u>. आयोजना अन्तर्गतका जम्मा ७ वटा सुरुङ्गमार्गको कुल लम्बाइ ११.२ किलोमिटर रहेको। उक्त सुरुङ्गहरुको प्रगति विवरण निम्नानुसार रहेको।

सि.नं .	सुरुङ्ग	जम्मा लम्बाई	निर्माण प्रगति	कै.
१	महादेवटार सुरुङ	Left Tunnel: ३,४८६ मिटर	Breakthrough भएको	
		Right Tunnel: ३,४२२ मिटर	३,३४२.७ मिटर	
२	धेद्रे सुरुङ	Left Tunnel: १,७२८ मिटर	Breakthrough भएको	
		Right Tunnel: १,६५३ मिटर	Breakthrough भएको	-
३	लेनडाँडा सुरुङ	Left Tunnel: १,६३३ मिटर	Breakthrough भएको	-
		Right Tunnel: १,६१२ मिटर	Breakthrough भएको	
४	देवीचौर सुरुङ	१,०८७ मिटर	१५३.६ मिटर	
५	सिसौटार सुरुङ	५२० मिटर	६४.४ मिटर	
६	चन्द्राम भीर सुरुङ	२,२५० मिटर	८४७.७ मिटर	
७	मौरी भीर सुरुङ्ग	५८३ मिटर	Portal निर्माणको कार्य भइरहेको	

(४) <u>पुल निर्माण कार्य प्रगति</u>

(कक) आयोजना अन्तर्गत रहेका जम्मा ८९ स्थानमा रहेका पुलहरु मध्ये ८५ स्थानका पुलहरु निर्माणको लागि खरिद सम्झौता भई निर्माणको चरणमा रहेको। निर्माणाधीन अधिकांश पुलहरुको Foundation को कार्य सम्पन्न भई Superstructure को कार्य भइरहेको।

(कख) जम्मा ८९ स्थानका पुलहरुमध्ये हालसम्म ५७ स्थानका पुलहरुको Foundation, ४० स्थानका पुलहरुको Sub Structure र १७ स्थानका पुलहरुको Super Structure को कार्य सम्पन्न भएको।

(५) <u>सडक निर्माण कार्य प्रगति</u>

(कक) सडक निर्माण अन्तर्गत ११.०२ किलोमिटर Sub Base, ५.८ किलोमिटर Base र १ कि.मि. कालोपत्रे सम्पन्न भएको। सभिर्स लेनमा ७ किलोमिटर सडकको कालोपत्रे सम्पन्न भएको।

(कख) विभिन्न स्थानहरुमा Slope Protection, Box Culvert, Optical Fiber Duct, Electrification Accessories Duct, लगायतका संरचनाहरु निर्माण कार्य भइरहेको।

(६) <u>अन्य कार्यहरुको प्रगति विवरण</u>

(कक) निजगढ इलाकामा Animal Under Pass को Superstructure को कार्य सम्पन्न भएको।

(कख) द्रुतमार्गको निजगढ इलाकामा टोल प्लाजा तथा इन्टरचेन्ज निर्माण कार्य भइरहेको।

(कग) हालसम्म जम्मा ५५,८८७ वटा रुख कटान सम्पन्न भएको।

(७) <u>जग्गा अधिग्रहण</u>. द्रुतमार्गको २४.८ किलोमिटर देखि ७०.९७७ किलोमिटरसम्म पर्ने जग्गाहरुको अधिग्रहण सम्पन्न भई निर्माण भइरहेको। ६.५ किलोमिटर देखि २४.८ किलोमिटर खण्डमा सुरुङ्गमार्ग, Slope Protection, River Training निर्माण कार्यको लागि आवश्यक पर्ने देहायबमोजिमको विभिन्न नम्बरी जग्गाहरु अधिग्रहणको लागि नेपाल सरकारको स्वीकृति भई अधिग्रहणको क्रममा रहेको।

(कक) काठमाण्डौ जिल्लामा रेखाङ्कन परिवर्तन तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि थप आवश्यक १२८-२-०-२.५५ रोपनी नम्बरी जग्गामध्ये हालसम्म करिव ९६ रोपनी जग्गाहरुको मुआब्जा वितरण गरिएको।

(कख) ललितपुर जिल्लामा सुरुङ्गमार्ग तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि थप आवश्यक ५४-११-३-१.८२ रोपनी नम्बरी जग्गामध्ये हालसम्म करिव ४ रोपनी जग्गाहरुको मुआब्जा वितरण गरिएको।

(कग) मकवानपुर जिल्लामा सुरुङ्गमार्ग तथा Slope Stabilization का संरचनाहरु निर्माणको लागि थप आवश्यक २८-१५-३-१.१९ रोपनी नम्बरी जग्गामध्ये हालसम्म करिव २ रोपनी जग्गाहरुको मुआब्जा वितरण गरिएको।

(८) <u>आयोजनाको आर्थिक विवरण.</u> परिमार्जित विस्तृत आयोजना प्रतिवेदन बमोजिम आयोजनाको कुल लागत २ खर्व ११ अर्व ९३ करोड (Contingency, Physical Contingency र Price Escalation सहित) रहेको। २०८३ आश्विन मसान्तसम्मको खर्च ९५ अर्व १७ करोड रहेको।

(९) <u>हाल निर्माणाधीन प्याकेजहरुको कार्य प्रगति विवरण</u>

(कक) प्याकेज नं. ८क (६.५ देखि ११.१ कि.मि.): १६.० प्रतिशत
(कख) प्याकेज नं. ८ख (११.१ देखि १६.१ कि.मि.): १०.७ प्रतिशत
(कग) प्याकेज नं. ९क (१६.१ देखि १८ कि.मि.): ५.३ प्रतिशत
(कघ) प्याकेज नं. ९ख (१८ देखि २०.७ कि.मि.): ३.३ प्रतिशत
(कङ) प्याकेज नं. १० (२०.७ देखि २४.८ कि.मि.): २२ प्रतिशत
(कच) प्याकेज नं. १ (२४.८ देखि २९.१ कि.मि.): ५३.०९ प्रतिशत
(कछ) प्याकेज नं. २ (२९.१ देखि ३३.७ कि.मि.): ७२.९ प्रतिशत
(कज) प्याकेज नं. ७ (३३.७ देखि ३८.१ कि.मि.): २३.८ प्रतिशत
(कझ) प्याकेज नं. ६ (३८.१ देखि ४८.२ कि.मि.): २३.३ प्रतिशत
(कञ) प्याकेज नं. ३ (४८.२ देखि ५५.८ कि.मि.): ५६.४ प्रतिशत
(कट) प्याकेज नं. ४ (५५.८ देखि ६३.६ कि.मि.): ४७.२ प्रतिशत
(कठ) प्याकेज नं. ५ (६३.६ देखि ७०.९ कि.मि.): ५५.१ प्रतिशत

(छ) <u>सहुलियतपूर्ण आवास कर्जा सम्बन्धी विवरण</u>

(१) <u>सैनिक सकलदर्जा सहुलियतपूर्ण आवास कर्जा २०७८.</u> सकलदर्जाले न्यूनतम सुविधा सहितको निजी आवास व्यवस्थाको लागि सहुलियतपूर्ण ऋण सुविधा उपलब्ध गराउने उद्देश्यले कार्यान्वयनमा ल्याईएको **"सैनिक सकलदर्जा सहुलियतपूर्ण आवास कर्जा-२०७८"** कार्यक्रम अन्तर्गत मिति २०८३ साल श्रावण, भाद्र र आश्विन महिनासम्म लाभान्वित भएका तथा उक्त कर्जा लिनको लागि हाल प्रकृयामा रहेका सकलदर्जाको विवरण निम्न अनुसार रहेको।

सि.नं.	दर्जा	सिफारिस संख्या	ऋण प्राप्त गर्नेको संख्या	कै.
१	अधिकृत	२३१	२००	
२	पदिक	५२३	४५४	
३	अन्यदर्जा	१३५४	११४३	
जम्मा		२१०८	१७९७	

(२) <u>घडेरी कर्जा सम्बन्धी</u>. सैनिक सकलदर्जा सहुलियतपूर्ण घडेरी कर्जा २०८१ कार्यक्रम अन्तर्गत मिति २०८३ साल श्रावण, भाद्र र आश्विन महिनासम्ममा लाभान्वित भएका तथा उक्त कर्जा लिनको लागि हाल प्रक्रियामा रहेका सकलदर्जाहरुको विवरण निम्न अनुसार रहेको।

सि.नं.	दर्जा	सिफारिस संख्या	ऋण प्राप्त गर्नेको संख्या	कै.
१	अधिकृत	२४	१३	
२	पदिक	४५	१९	
३	अन्यदर्जा	२१२	९२	
जम्मा		२८१	१२४	

(ज) <u>गर्भवती तथा सुत्केरी उद्धार सम्बन्धी.</u> महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तरर्गत गर्भवती तथा सुत्केरी महिलाहरुका लागि सञ्चालन गरेको हवाई उद्धार कार्यक्रम अन्तरगत २०८३ श्रावणदेखि आश्विनसम्म नेपाली सेनाको हवाई साधन मार्फत विभिन्न जिल्लाहरुबाट सुत्केरी उद्धार गरेको विवरण निम्नानुसार रहेको।

सि.नं.	जिल्ला	संख्या	कै.
१	मुगु	४	
२	बाग्लुङ्ग	१	
३	गोरखा	५	
४	संखुवासभा	१	
५	जुम्ला	१	
६	सोलुखुम्बु	२	
७	कालिकोट	१	
८	बझाङ्ग	१	
९	रुकुम पूर्व	१	
